# नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०७५ ( अनाला व ज्याःपुन्हि/जेष्ठशुक्ल पूर्णिमा) वर्ष ४६ अंक २
बु.सं. २५६२ ने.सं. ११३८

The Ananda Bhoomi (Year 46, Vol. 2)
A Buddhist Monthly : May/June/July 2018



*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)**

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि, भिक्षु धम्मदत्त**

*व्यवस्थापन तथा वितरक :*
**विवेक महर्जन,** स्वयम्भू ९८४९४२०५६६

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर, आनन्दकुटी**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

***वितरणार्थ सहयोगीहरूः***

बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु सुद्धिको, शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती (धर्मकीर्ति), सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, (बौद्ध महिला संघ, नेपाल), सुवर्णमुनि शाक्य र प्रेमबहादुर थापा (भैरहवा), भिक्षु कोविद र विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (बेनी), ज्ञानमाला संघ-आनन्द विहार (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरुङ् (लमजुङ्), शैनी चौधरी (पुजारी लामा) सप्तरी, उत्तममान बुद्धाचार्य (पोखरा), रत्नबहादुर नाम्जाली (सुर्खेत), लालबहादुर चौधरीथारू, उदयपुर ।



*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३, ०१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*


## बुद्धवचनामृत



धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ॥

अर्थात् : सुचरित धर्मको आचरण गर्नु, दुराचरणबाट बच्नु । धर्मचारी व्यक्ति यो लोक र परलोक दुबै लोकमा सुखपूर्वक विहार गर्दछ ।

सुचरित धर्मया आचरण यायेगु, दुराचरणं बचे जुइगु, अले धर्मचारी व्यक्ति थुगु लोक व परलोक निथासं सुखपूर्वक विहार यायेखनी ।

**Lead a righteous life, lead not a base life. The righteous live happily both in the world and next.**

**- धम्मपद, १६९**


*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**



**वार्षिक रु. १५०/- एकप्रति रु. २०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

सन्दर्भ : बाराको गढीमाईमा अब चढ्ने छैनन् पशुवली

सम्पादकीय

# धर्म-संस्कृतिको नाउँमा अब पशुबली चढ्ने छैनन् ? !

दशै मात्र होइत अन्य विभिन्न तिथिमिति पारेर नेपालमा धर्म र संस्कृतिको नाउँमा पशुपंक्षी बलिदिने हिंसा, काटमार कार्यले निरन्तरता पाइरहेकै छ । चाहे दशैंको रूपमा वा दशाको रूपमा, जुनकसुकै स्वरूपमा किन नहोस् विगतमा धर्म र संस्कृतिको नाउँमा बलिप्रथा-पशुवध गर्ने चलनलाई निरन्तरता दिने कार्य गर्नेले गरे । तर धर्मप्राप्तिको नाउँमा, द्यौतालाई खुशी पार्ने कामलाई कहिलेसम्म निरन्तरता दिने यो अति संवेदनशील प्रश्न हो । धर्मको नाउँमा हिंसाकर्म वा बलिप्रथालाई निरन्तरता दिनु सही वा गलत यसमा विचार विमर्श गरिनुपर्छ भन्ने गम्भीर रूपमैं पुनर्विचार गर्दै अगाडि बढ्ने जमर्को हामी आफैले गर्नै पर्छ । वस्तुतः हामीले विश्वपरिवेशलाई मध्यनजर गरी, समयको परिवर्तनसँगै रचनात्मक सोचलाई समेट्ने हो भने प्रतिकूल तथा अनावश्यक संस्कृति र परम्परालाई सनै सनै विस्तारै भएपनि एकपछि अर्को गर्दै परिमार्जित गर्दैजानु बुद्धिमत्तापूर्ण कदम हुनसक्छ । समाजलाई उल्टो दिशातिर मोड्ने धर्मसंस्कृतिको अन्त्य गरिनु र गर्न प्रोत्साहित गर्नु समष्टिगत सुखकर शान्तिकर विषय हुनसक्छ । आज समय परिस्थिति परिवर्तन हुँदै कहाँ पुगिसकेको छ, मूल्यांकन गर्दै अगाडि बढ्नु स्वाभाविक प्रकृया हुनसक्छ ।

हामीले गम्भीर भएर विचार गर्ने हो भने वर्तमान नेपालमा अद्यावधि चलनचल्तीमा हामीले देख्दै-भोग्दै गरेका कयौं विधिव्यवहारमा वास्तविक धर्मको मर्मलाई असुहाउँदो कयौं रीतिथितिमा आबद्धता अझै हराएका छैनन् । समय परिस्थिति, समयसापेक्षित तवरले परिमार्जित परिष्कृत भएर अगाडि नबढ्ने, परम्पराको ढोङ्ग रचेर कट्टरपनालाई मात्र बढावा दिंदै अगाढि बढ्नु भोलि स्वयं आफ्नै लागि घातकसिद्ध हुने हो या फलिफाप हुने हो? यतातिर सम्बद्ध सबैको ध्यानाकृष्ट हुनु अपरिहार्य भइसकेको छ वा छैन ? हामी स्वयं गम्भीर हुनु अपरिहार्य छ ।

वास्तवमा हामीलाई धर्म, संस्कृति, परम्परा, रीतिरिवाज आदि सामाजिक रूपमा जीवन यापन गर्न अपरिहार्य पक्ष हुन् । यस किसिमका जीवन शैलीले मानिसलाई मानसिक सुखशान्ति तथा आध्यात्मिक आनन्दको अनुभूति हुन्छ । धर्म र संस्कृतिको बहानामा देवदेवीस्थल वा शक्तिपीठहरूमा पनि सश्रद्धापूर्वक पूजा गर्न पुग्छन् । तर मन्दिर वा देवस्थल वा शक्तिपिठमा गई दुःख, पीडा र अशान्तिबाट छुट्कारा प्राप्त हुन्छ भनी निर्दोष पशुपंक्षीलाई साधन बनाई बलिदिनु विडम्बनाको विषय हो कि होइन, यो बहसको विषयभन्दा पनि आत्मसात गर्नैपर्ने विषय हो ।

हामीलाई थाहाभएकै हो, धार्मिक हिसाबले महत्वपूर्ण मानिने गरेको बाराको महागढीमाई नगरपालिकामा पर्ने गढीमाई मन्दिर पशुबधका हिसाबले निकै विवादमा समेत पर्ने गरेको छ । विगत धेरै समय अगाडिदेखिनै गढीमाई मन्दिरमा पशुहरूको बध गर्ने चलन रहँदै आएकोमा विगत केही वर्षयता गढीमाईमा दिइने पशुबधको विरोध भइरहेको थियो । प्रत्येक पाँच वर्षमा एक पटक मेला लाग्ने गढीमाईमा २ लाख बढी पशुहरूको बली दक्षिण एशियाकै बढी पशुहरूको बली दिइने स्थानमा रूपमा समेत ब्याख्या हुँदै आएको छ । विभिन्न पशु अधिकारवादीहरले पछिल्लो समय गढीमाईमा दिइने पशुबलीको विरोध गरेपछि नेपाल सरकारले अब पशुबध रोक्नका लागि कानुन नै ल्याउने भएको छ ।

मुलुकी ऐन परिमार्जनको तयारीमा रहेको सरकारले गढीमाईसहित देशका विभिन्न धार्मिक स्थानमा दिइने पशुबलीमाथि कडा रूपमा रोक लगाउने समेत तयारी गरेको कानुन मन्त्री शेरबहादुर तामाङले हालै हेटौंडामा आयोजना गरिएको सातै प्रदेशका कानुन अधिकृत र मुख्य न्यायाधिवक्ताहरूलाई यस विषयमा जानकारी दिंदै भदौ १ गतेबाट कानुन लागू हुनलागेको जानकारी गराउनु स्वागतयोग्य कदम हुन् । सार्वजनिक मन्दिरमा दिइने बलीको विषयमा सरकारले कडा कानुन बनाएको र भदौ १ गतेबाट लागू हुने कानुन मन्त्री तामाङले बताए । उनले अब दशैंको समयमा विभिन्न धार्मिक स्थानमा दिइने पशु बलीहरू पनि रोकिने बताए । यदि कसैले मन्दिरमा पशुबली चढाएको पाइएमा फौजदारी कानु मानी कसुर सजाय गरिने बताए । यो भनेको अपराध गरेसरह सजाय हुने पनि उनको भनाइ छ ।

राष्ट्रिय कानुन आयोगका अध्यक्ष माधव पौडेलले पशुहरूको अधिकार रक्षाका लागि बली दिने चलनको अन्त्य गर्न लागिएको बताए । कानुन मन्त्री तामाङले गढीमाईमा अब कुनै पनि हालतमा पशुको बली दिन नमिल्ने र जवरजस्ती गरिए कानुन अनुसार दण्डित गरिने बताए पनि मन्दिरका पुजारी मंगल चौधरीले यो परम्परा भएकाले तत्काल यो रोक्न कठीन हुने जिकिर गरिरहनु दुर्भाग्य हो ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | संघनायक भिक्षु अश्वघोष महास्थविर | कोण्डन्य | ४ |
| २. | बुद्धधर्मको विशेषता | भिक्षु अश्वघोष | ६ |
| ३. | भगवान् बुद्धका शान्ति प्रयासहरु | तिलकमान गुभाजू | ९ |
| ४. | धर्मात्मा दुःखी प्राणीहरुको उद्धारमा व्यस्त | लोकबहादुर शाक्य | १२ |
| ५. | बुद्धको धम्म र धर्मनिरपेक्ष राज्यको कुरा | डा. गेहेन्द्रमान उदास 'पोखरेली' | १४ |
| ६. | लुम्बिनीको पवित्र उद्यान र सुन्दरी प्रतियोगिता | राजेन मानन्धर | १६ |
| ७. | नेपालमा थेरवाद बुद्धशासनको प्रवर्द्धनमा अष्टांगिक..... | डा. केशवमान शाक्य | १९ |
| ८. | बोधिमाला | लाभरत्न तुलाधर | २३ |
| ९. | प्यंगू करोडया टहरा व राज्यया मिखाय् स्वांयापुन्हि | राजमाया पुतुवार | २४ |
| 10. | DHARMA RATNA YAMI | Amrit Ratna Tuladhar | 26 |
| ११. | बौद्ध गतिविधि | | २८ |


## भिक्षु महासंघको जानकारी

यस वर्ष २०७५को वर्षावाससम्बन्धी उपोसथ कर्म, अधिष्ठान, प्रवारणा, कथिनोत्सव आरम्भ एवं कथिनोत्सव समाप्ति बारे अखिल नेपाल भिक्षु महासंघको नगर कार्यालय बुद्धविहार भृकुटीमण्डपमा २०७५ जेठ २४ गते सम्पन्न अ.ने.भि. महासंघको कार्यकारिणी बैठकमा छलफल भई निर्णय भएअनुसार निम्न उल्लेखित दिन–तालिकाअनुरुप गर्न/गराउनु हुन आज्ञानुसार जानकारीसहित सविनयपूर्वक अनुरोध गर्दछु।

१) वर्षावास : उपोसथ कर्म - २०७५ श्रावण ११, शुक्रबार (27th July, 2018)
२) वर्षावास : अधिष्ठान कर्म - २०७५ श्रावण १२, शनिवार (28th July, 2018)
३) वर्षावास : प्रवारणा कर्म - २०७५ कार्तिक ७, बुधवार (24th October, 2018)
४) कथिनोत्सव : सुभारम्भ - २०७५ कार्तिक ८, बिहीवार (25th October, 2018)
४) कथिनोत्सव : समाप्ति (अन्तिम) - २०७५ मंसिर ६ बिहीवार (22nd November, 2018)

उपरोक्त तालिकाअनुसार विहारका सम्बन्धित सबैलाई जानकारी संप्रेषण गर्नुभई धार्मिक विधिव्यवहार गर्न/गराउन समेत आज्ञानुसार जानकारी गराउँदछु। मैत्रीपूर्ण साधुवाद।

"चिरंतिट्ठतु सद्धम्मो ।"

आज्ञानुसार,
भिक्षु कोण्डन्य,
महासचिव : अखिल नेपाल भिक्षु महासंघ

# संघनायक भिक्षु अश्वघोष महास्थविर



✍ कोण्डन्य



नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार प्रसार भई पुनर्जागरणको इतिहास सँगसँगै देखिएका भिक्षुहरू मध्ये एक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ । उहाँले प्रव्रजित जीवनयापन गर्नुभएको झण्डै ८ दशक हुन लागिसकेको छ । नेपालका छैठौं पूज्यपाद संघनायक पदमा संघउपनायक भिक्षु अश्वघोष महास्थविरलाई विनयकर्मपूर्वक नेपाली भिक्षु महासंघका सदस्यहरूले संघसम्मतिसहित ज्ञप्तिकर्मद्वारा एक धार्मिक विधि **"संघनायकोपतिट्ठापन"** विधिपूर्वक वि. सं. २०६८ आश्विन १४ गते शनिवारका दिन नेपालका छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरेका छन् । वि. सं. २०६३ जेठ २ का दिन नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधनपश्चात् भिक्षुसंघले संघसमागमबीच सुमङ्गल विहारको सीमागृहमा संघकर्म गरी संघनायकोपतिट्ठापनविधिपूर्वक २०६३ जेठ २४ गते संघउपनायक भिक्षु बुद्धघोष महास्थविरलाई "नेपालको पाँचौं पूज्यपाद संघनायक" का रूपमा प्रतिस्थापन गरिएकै बेला भिक्षु अश्वघोष महास्थविरलाई संघउपनायक पदमा पदस्थापन गरिएको थियो । हाल काठमाडौं ढल्कोस्थित संघाराम विहार तथा बनेपाको ध्यानकुटी विहारमा निरन्तर आवासीय रूपमा बस्दैआउनुभएका नेपालका पूज्यपाद छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर ८५ वर्षको हुनुहुन्छ ।

ललितपुर ओकुबहाल निवासी आमा लक्ष्मीमाया शाक्य र पिता चन्द्रज्योति शाक्यको कोखबाट बि.सं. १९८३ जेष्ठशुक्ल १५ (१८ मे १९२६, ने.सं. १०४६) मा जन्मिएका बुद्धरत्न शाक्यलाई झण्डै १६ वर्षको उमेरमै धर्माध्ययनको लागि भिक्षु धर्मालोक र भिक्षु अमृतानन्दलाई जिम्मा लगाइयो । पछि सन् १९४४ मा कुशीनगरमा ऊ. चन्द्रमुनि महास्थविरको उपाध्यायत्वमा तथा भिक्षु अमृतानन्दको आचार्यत्वमा श्रामणेर अश्वघोष नामले प्रव्रजित हुनुभयो । आमा लक्ष्मीमाया शाक्यको प्रेरणाले प्रव्रजित भएका उहाँ आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरका प्रथम शिष्य हुनुहुन्छ ।

श्रामणेर प्रव्रज्याको लगत्तै प्रसिद्ध भारतीय भिक्षु धर्मरक्षितसँगै पालि र हिन्दी भाषा सिकी उहाँसँगै केही


यस अङ्क



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np

gkondanya@gmail.com, kondanya@soon.com

गताङ्कमा



महिनापछि दक्षिणी श्रीलंकाको मातरमा अवस्थित महामहिन्द्र परिवेण (तालिम केन्द्र) मा अध्ययन गर्नुभयो । सोही परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा १ मई १९४९ का दिन उपसम्पदा दीक्षा प्राप्तगरी पूर्ण रूपमा भिक्षु हुनुभयो । ८ वर्षपछि अर्थात् बि.सं. २००८ सालमा अग्रश्रावक सारिपुत्र र मौदगल्यायनको पवित्र अस्थिधातु नेपालमा दर्शनार्थ ल्याइएको अवसरमा निमन्त्रित व्यत्तित्वको रूपमा भिक्षु अश्वघोष नेपाल फर्कनुभयो । उहाँसँगै आनन्दकुटी विहारको सीमाग्रहमा २००८ कार्तिक महिनामा उपसम्पदा दीक्षाप्राप्त भिक्षु कुमार काश्यप पनि श्रीलंका जानुभयो । केही वर्षपछि भिक्षु अश्वघोष भारतमा फर्किनुभई एस.एल.सी. अध्ययन गर्दै रहँदा परीक्षाकै समयमा ४ फागुण २००९ का दिन उहाँका माता लक्ष्मीमाया शाक्य परलोक भएको समाचारले उहाँलाई परीक्षाकै समयमा दु:खित तुल्याइदियो । उहाँले सारनाथ-बनारसमा बस्नुभई एस.एल.सी देखि बि.ए. सम्म अध्ययन गर्नुभयो र टि.वि. रोगका कारण बि.सं अध्ययन पूर्ण गर्न सक्नुभएन । उपचारार्थ उहाँ पेकिङ्ग (बेइजिङ्ग) जानुभयो । केही वर्ष उतै बस्नुभयो । माओत्सेतुङ्गको सांस्कृतिक क्रान्तिपछि विकास कार्यमा अग्रगण्य रूपले हिँडिरहेको तत्कालीन चिनीया जनता र कम्युनिष्ट शासनबाट उहाँ प्रभावित हुनुभयो । चीनबाट फर्किसकेपछि आनन्दकुटी विद्यापीठमा भण्डै १० वर्ष सेवा गर्नुभयो । आनन्दकुटी विद्यापीठका सुपरिवेक्षक समेत हुनुभएको थियो । उहाँले विभिन्न मुलुकहरूको भ्रमण तथा सम्मेलनहरूमा भाग लिन जानुभएको छ । २०२९ साल घटस्थापनका दिन आनन्दकुटी विहार गुठीको स्थापना भएपछि भिक्षु अश्वघोषले न्हुच्छे बहादुर वज्राचार्य र वटुकृष्ण 'भूषण' सँग सहकार्य गरी '**आनन्दभूमि**' बौद्ध मासिकको सम्पादक हुनुभयो । उहाँले 'आनन्दभूमि' मा सम्पादक, प्रधान-सम्पादक भई २० औं वर्ष सेवा गर्नुभयो । यसरी नै धर्मकीर्ति विहारबाट प्रकाशित हुने '**धर्मकीर्ति**' मासिकमा पनि उहाँ शुरूवातदेखि वर्तमानसम्म प्रधान-सम्पादकको रूपमा सेवा गरिरहनुभएको छ, साथै उहाँले बुद्धधर्म र दर्शनसम्बन्धी स-साना करिब १४० भन्दा बढी कृति प्रकाशन गर्नुभइसकेको छ ।

हाल संघाराम विहार र बनेपाको ध्यानकुटी विहारमा बस्नुहुने भिक्षु अश्वघोष महास्थविरले बनेपास्थित दछुटोलमा 'ध्यानकुटी विहार' २०२८ सालमै निर्माण गर्नुभयो । २०३८ सालमा भिक्षु मैत्री (वर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष), दिवंगत द्वारिकादास श्रेष्ठ र उपासिका दिवंगत अनागारिका धर्मरक्षिता (रत्नमाया शाक्य) को सहयोगले क्षेत्रपाटी-ढल्कोमा 'संघाराम भिक्षु तालिम' स्थापना गरी नेपालको पुनर्जागरित बुद्धशासनमा पहिलोपटक श्रामणेर-भिक्षु तालिम केन्द्रको प्रारम्भ गर्नुभयो । उहाँकै शब्दमा भन्नुपर्दा उहाँको तालिम मिशन सोचेभैं सफल हुन नसकेपछि ध्यानकुटी विहारमा पनि तालिम केन्द्रलाई निरन्तरता दिने प्रयास भयो । वर्तमान नेपालमा सबैभन्दा बढी शिष्य हुने उहाँ श्रद्धेय भन्तेका शिष्यहरू अधिकांश श्रीलंकाबाट अध्ययन गरेका छन् । अहिले उहाँका शिष्यहरूले सक्दो बुद्धशासनिक क्षेत्रमा क्रिया कलापहरूलाई अगाडि बढाइराखेका छन्, जुन उहाँको लागि धर्मप्रीतिको विषय भएको छ ।

नेपालमा ४६ सालको जन आन्दोलनपछि माथिल्लो सदन राष्ट्रिय सभामा पनि दुई वर्ष माननीय हुनुहुने उहाँ एमालेको नौ महिना शासनमा लुम्बिनी विकास कोषका उपाध्यक्ष हुनुभयो भने उहाँले धर्मोदय सभाका सम्मानित अध्यक्ष पदभार सम्हालिसक्नुभएको छ । सन् २००० मा म्यानमार सरकारबाट '**अग्गमहासद्धम्मजोतिकधज**' पद्वीद्वारा विभूषित भन्तेले प्रव्रजित-श्रामणेरहरूलाई तालिम गर्दै धेरै अनुभव सँगाल्नुभएको छ । नेपाल भाषा परिषद्, काठमाडौंले ने.सं. ११२८ को भाषाथुवाः मानार्थ उपाधिले सम्मानित उहाँ नेपालका पूज्यपाद ८२ वर्षीय संघनायक अश्वघोष महास्थविरले अझै पुस्तक लेखन, धर्मदेशना गर्ने, भोजनादि विविध धार्मिक कार्यक्रमको निमन्त्रणामा जाने कार्यलाई निरन्तरता दिइरहनुभएको छ । वर्तमान नेपालका पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर र आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ७७ औं वर्षमा प्रवेशको उपलक्ष्यमा सुखी होतु नेपालले भव्यताका साथ वि.सं. २०६० मा ऐतिहासिक रूपमा १११ जनालाई सप्ताहब्यापी दुर्लभ शतकुलपुत्र प्रव्रज्या समारोह सफलतापूर्वक आयोजना गरेको थियो । उहाँको ५० औं प्रव्रजित दिवसको अवसरमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले विविध धार्मिक, सामाजिक गतिविधिको संचालन गरेको थियो । स्मरणीय रहोस्-भक्तपुरका जीवनीकार रत्नसुन्दर शाक्य, भिक्षु संघरक्षित, रीना तुलाधरलगायतले पृथक पृथक रूपमा अश्वघोष महास्थविरको जीवनी पक्षलाई उजागर गर्न सहज हुने गरी पुस्तक लेख्नुभएको छ । ❁

(श्रोत साभार : सन्दर्भ : अभिनन्दन ससारोह, २०६८ कार्तिक २६, अखिल नेपाल भिक्षु महासंघ, २०६८)

# बुद्धधर्मको विशेषता



✍ **भिक्षु अश्वघोष**

**– मलाई त बुद्धवाद किन मन पर्छ भने यसमा मानव समाजलाई साम्प्रदायिकताबाट सम्पूर्ण रूपमा मुक्त गराउन सक्ने तत्व र उत्साह तथा प्रयत्न समावेश भएको छ । बुद्धले जाति-भेद, वर्ग-भेदलाई निन्दा गर्नुभएको छ । ईश्वरलाई र आत्मालाई मान्यता छैन । अन्ध श्रद्धा र भक्ति तथा पुस्तक पूजालाई स्थान छैन । मूर्तिपूजालाई प्रोत्साहन त के स्थानै छैन, यद्यपि आजको बौद्ध समाजमा यी कुरा प्रमुख अंग भएको जस्तो देखापर्न थालेका छन् ।**

बुद्धधर्म गम्भीर विषय हो । सायद अरू धर्मभन्दा बुद्धधर्म बुझ्न् गाह्रो होला । बुद्धधर्मको यथार्थता बोध गर्न स्वच्छ र उदार हृदय हुनुपर्छ । बुद्धधर्म वैज्ञानिक र व्यहारिक हो भन्नुमा अत्युक्ति हुँदैन, तर बुद्धधर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुनु हुँदैन । पुरानो संस्कारलाई विल्कुलै पन्छाउन पर्छ । अनिमात्र बुद्धको विचारधारा बुझ्न सजिलो हुन्छ ।

जुन धर्मले सम्प्रदायको रूप धारण गर्दछ, त्यो धर्म मानव समाजको हितको लागि नभई दुःखदायक हुनजान्छ । जहाँसम्म मलाई लाग्छ विश्वमानवको एउटै धर्म र संस्कृति हुनुपर्छ, चाहे होस् वा नहोस् मेरो व्यक्तिगत अभिलाषा यही हो ।

बुद्धको जन्मभूमि नेपाल हो । अतः सबै नेपालीले चाहे बौद्ध होस् वा चाहे अबौद्ध होस्, बुद्धधर्मको विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ भन्नु अत्यक्ति नहोला ।

अब यहाँ बुद्धधर्मको विशेषताको बारेमा मेरो दृष्टिकोण प्रस्तुत गर्दछु । निम्न लिखित तथ्यहरू बुद्धवादका विशेषता हुन् :-

**१) देव-ब्रह्मादि केही अमानवीय शक्तिको सहायता विना आफ्नै उत्साह र लगनद्वारा स्वतन्त्र विकास हुनुपर्छ ।**

**२) अनात्मवाद अर्थात् यो शरीरमा अथवा बाहिर सदाकालिक स्थायी केही वस्तु छैन ।**

**३) अनिश्वरवाद ।**

**४) अरहस्यवाद ।**

**५) जाति र वर्गभेद हीनता ।**

**६) संसारका मुख्य प्रश्न खाद्य ।**

**७) समान जीविका ।**

**८) सारा संसार एउटै परिवार जस्तो हुनुपर्छ भन्ने भावना ।**

**९) युद्धको नाश गरेर शान्तिको स्थापना ।**

**१०) बहुजन हिताय बहुजन सुखायको उद्देश्यले काम गर्नु, गराउनु । स्वतन्त्रता र प्रजातन्त्र मानव मात्रको अमूल्य वस्तु सम्झनु ।**

उपयुक्त एघारवटा कारण बुद्धधर्मको विशेष अंग हो । यिनीहरू उल्लेखनीय मात्र होइनन् व्यवहारिक पनि छन् । म यहाँ सातौं अंग अर्थात् समान जीविकामा मात्र अलि स्पष्ट गर्न चाहन्छु । बुद्धधर्ममा समान जीविकाको अर्थ आय अनुसार व्यय गरेर जीविका चलाउनु हो । (मार्क्सवाद र बुद्धवाद पुस्तकको आधारमा) ।

मलाई त बुद्धवाद किन मन पर्छ भने यसमा मानव समाजलाई साम्प्रदायिकताबाट सम्पूर्ण रूपमा मुक्त गराउन सक्ने तत्व र उत्साह तथा प्रयत्न समावेश भएको छ । बुद्धले जाति-भेद, वर्ग-भेदलाई निन्दा गर्नुभएको छ । ईश्वरलाई र आत्मालाई मान्यता छैन । अन्ध श्रद्धा र भक्ति तथा पुस्तक पूजालाई स्थान छैन । मूर्तिपूजालाई प्रोत्साहन त के स्थानै छैन, यद्यपि आजको बौद्ध समाजमा यी कुरा प्रमुख अंग भएको जस्तो देखापर्न थालेका छन् ।

गौतम बुद्ध कसैको कथनमा विश्वास राखी परतंत्र भइरहने कार्य र विचारको घोर विरोधी हुनुहुन्थ्यो । स्वतन्त्र चिन्तनले मनन गरी राम्ररी सम्झी बुझी काम गर्ने पक्षमा बुद्ध हुनुहुन्थ्यो ।

धेरैजसो धर्मगुरू पुरोहितहरूले आफ्नो चेला र अनुयायीहरूलाई भन्दछन्- तिमीहरूले मेरोप्रति दृढ श्रद्धा राख्नुपर्छ । मेरो कुरामा तिमीहरूले तर्क वितर्क नगरी यो सनातन सत्य मानी आँखा चिम्लेर शिरोपर गरी आचरण गर्नुपर्छ । मेरो कुरामा विश्वास छैन भने शंका गऱ्यो भने, आफ्नो बुद्धिले काम लिनखोज्यो भने तिमीहरू घोर नरकमा जाने छौ । अतः मेरो कुरालाई छाडी अरूको कुरो नमान । आफ्नो बुद्धिमा ताल्चा मारी मेरो मात्र अनुयायी बन । अनि मात्र संसार सागरबाट पार हुन्छ ।

यसको विपरीत गौतम बुद्धको उपदेश देखिन्छ । एक दिनको कुरो हो- तथागतले आफ्नो निजी सचिव (सेवक) भिक्षु आनन्दलाई भन्नुभयो- 'आनन्द, हात फैलाउनु, तिमीलाई म केही दिन चाहन्छु ।'

आनन्दले हात फैलाएपछि बुद्धले हातभरी फूल राखिदिनुभयो । तथागतबाट हातभरी फूल पाएपछि आनन्द साह्रै खुशी भए ।

गौतम बुद्धले सोध्नुभयो- आनन्द, संसारमा यही मात्र राम्रो फूल छ कि अरू पनि छ?

भन्ते- अरू पनि राम्रा राम्रा फूलहरू छन् भनी आनन्दले उत्तर दिए ।

गौतम बुद्धले भन्नुभयो- यदि तिमीलाई कसैले राम्रो फूल दियो भने के तिमीले अस्वीकार गर्ने?

आनन्दले भन्नुभयो- अस्वीकार नगर्ने भन्ते ।

तथागतले भन्नुभयो- यस्तो मेरो उपदेशलाई मात्र दृढरूपमा ग्रहण गरिरहने होइन, जहाँ जस्ले पनि राम्रो र हित हुने, जनहित कुरा भनेको खण्डमा स्वतन्त्र विचारले मनन गरी ग्रहण गर्नुपर्छ । हिचकिचाहटको केही कारण छैन । तर कुनैधर्म होस् न बुझीकन आँखा चिम्लेर ग्रहण गर्नु उचित होईन ।

यो बुद्धको उपदेशले संकुचित साम्प्रदायिकतालाई महान वज्र प्रहार गरेको छ । गौतम बुद्धले ठीक भन्नुभएको छ- धर्मग्रन्थमा लेखेको छ भनेमा, कसैले भनेको आधारमा, कुनैपनि कुरालाई विश्वास गर्नु हुँदैन । आफ्नो बाजे र साथीहरूले मानिआएको भनी विश्वास गर्नु हुन्न । बरू आफ्नो बुद्धिले काम लिई विचार गर्न सिक्नु र गर्न सक्नु पर्छ । यदि त्यो काम हित र लाभदायक सिद्ध हुन्छ तथा बहुजन हिताय, बहुजन सुखाय हो भने स्वीकार गर्ने अन्यथा नगर्नु ।

गौतम बुद्धले त त्यही कामलाई धर्म भन्नुहुन्थ्यो जुन कि बहुजन हित र बहुजन सुख समृद्धि हुन्छ । अरू धार्मिक सम्प्रदायहरूले जनताको ध्यान इहलोकबाट मोडी, यो संसारलाई तुच्छ गरी परलोकमा लैजान कोशिस र प्रयत्न गर्छ । परन्तु बुद्ध परलोकको कुरा नगरी इहलौकिक सुखलाई जोड दिनुहुन्छ । त्यसैले वहाँको उपदेश र धर्मलाई (सन्दिट्ठिको) यही जन्ममा देखिने, (अकालिको) पछि फलदिने होइन, अहिलेको अहिले नै फलदिने धर्म हो । यही नै बुद्धधर्मको विशेषता हो ।

अर्को कुरो हो- मानव मानवको बीच कुनै प्रकारको भेदभाव छैन । जन्मले कुनै नीच र उँच जात हुँदैन । कर्मले नै नीच र उँच हुन्छ । बुद्धले भन्नुभएको छ :-

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो,**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।**

बौद्ध समाज, जस्तो कि गंगा, यमुना, बाग्मति आदि नदी कहाँदेखि शुरू भई समुद्रमा गएर एउटै बन्छ, एकै रस हुन्छ, त्यस्तै विभिन्न प्रकारका वर्ग र जातिका मानिसहर बुद्धधर्म ग्रहण गरिसकेपछि आफ्ना जाति र थरलाई पंछाई एउटै जाति हुन जान्छन् । यो बुद्धधर्मको महान क्रान्तिकारी कदम हो । बुद्धधर्म समानतावाद हो । प्रसिद्ध महायानी आचार्य धर्मकीर्तिको कथनबाट यो कुरा स्पष्ट हुन्छ । बुद्धशिक्षाद र बौद्ध शिक्षामा अन्ध विश्वासलाई स्थान छैन । आचार्य धर्मकीर्ति भन्नुहुन्छ -

**वेदप्रमाणं कश्यचित् कर्तुवाद**
**स्नाने धर्मेच्छा जातिवादव लेपः**
**सन्तापांगः पापहानाय वेति**
**ध्वस्त प्रज्ञाना पंचलिंगानिजाडचे**

अर्थात् वेदगल्ती हुन सक्दैन भन्ने विश्वास संसारको श्रृष्टिकर्ता छ भन्ने धारणा, पुण्यतीर्थ स्थानमा स्नान गर्न धर्म मान्नु, कुलवादले घमण्ड हुनु, पापनाश गर्न निमित्त शरीरलाई अनावश्यक दुःख दिनु, यी पाँच विश्वास विकृत मस्तिष्कको लक्षण हो ।

अभाग्यवश नेपाली बौद्ध समाजमा पनि यी पाँच ध्वस्त प्रज्ञाका लक्षणहरूले राम्रा स्थान पाइसकेको देखिन्छ । बुद्धधर्म आचरणमा भर पर्छ । तर तृतीय शताब्दीमा बौद्धहरूले स्वार्थवश सदाचारमा आस्था नराखी तन्त्रयान, वज्रयान मार्ग अपनाई बुद्धधर्म अस्तित्वमा नयाँ चुनौति थप्ने कार्य गरिदिए भने अस्तित्वमैं प्रश्न चिन्ह खडा गरिदिए ।

बुद्धधर्मको अर्को महत्वपूर्ण कुरो- देव ब्रह्मादि कुनैपनि अमानवीय शक्तिको सहायता विना आफ्नै उत्साहले स्वतन्त्र विकास हुनुपर्छ । अर्थात् चिन्ताबाट तथा जीवन मुक्तिको लागि देवीदेवताको भरोसामा निर्भर रहनु हुँदैन । अफ्नो मालिक आफै हो- '**अत्ताहि अत्तनो नाथो**' अर्थात् आफन्ो खुट्टामा उभिन सक्नुपर्छ । के गरूं कर्ममा लेखेको छैन भनी कर्मलाई दोष दिई चुपचाप हात बाँधी बस्नु हुँदैन । उत्साह र प्रयत्न गर्नुपर्छ अनि कर्ममा नभएको पनि उत्पन्न हुन्छ, कामसिद्ध हुन्छ । कर्मलाई दोष दियो भने कहिले पनि उन्नति गर्न सक्दैन ।

अर्को उल्लेखनीय कुरो गौतम बुद्धले भन्नुभएको छ- '**कुल्लुपमं भिक्खवे धम्मं देसेमि**' भिक्षुहरू ! तिमीहरूलाई म यस्तो धर्मको उपदेश दिन्छु- खोला, नदी तर्नलाई डुंगाको सहयोग चाहिन्छ । खोला तरिसकेपछि डुंगाले उपकार गऱ्यो भनी कसैले पनि त्यो डुंगालाई काँधमा बोकी हिंड्दैन । त्यस्तै मेरो धर्म पनि जहाँ पनि, जैले पनि बोकेर हिंड्नलाई होइन । डुँगाजस्तै धर्म पनि जीवन मार्गको काममा ल्याउनलाई मात्र हो ।

(मैले बुझेको बुद्धधर्म, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४६)


दर्ता नं. २०४६/०६५-०६६

एक होइन सबै सबल बनौं ।

*पापको फल भोग्नरू नपरेसम्म मूर्खले आफुले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्नरूपर्दा दुःखित हुन्छ । – धम्मपद, ६९*

मुद्दती वचतमा
१३ प्रतिशत ब्याज

दैनिक वचतमा
६.५ प्रतिशत ब्याज

**बलम्बु च्याउ सहकारी संस्था लि.**
**बलम्बु, काठमाण्डौ**
बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेलः bmc_coperative@yahoo.com

# भगवान् बुद्धका शान्ति प्रयासहरु



✍ **तिलकमान गुभाजू**

*पोखरा*

**— पहिले ४ निमित्त देखेर कहिले घरपरिवार छाडेर बाहिर जाउँ भनी भित्रभित्रै छटपटिरहेका उनको लागि देशनिकालाको त्यो सजाँय एउटा अवसर पनि भयो । उनको समस्याको समाधान पनि भयो । त्यस्तैमा उनको छोरा राहुलको जन्म पनि भयो । राहुलको जन्मपछि पारिवारिक बन्धनमा जकडिएला भनी उनी अरु छिटो महाभिनिस्क्रमण गर्ने निर्णयमा पुगे र असार पूर्णिमाको रातमा २९ बर्षको उमेरमा उनले महाभिनिस्क्रमण गरे । उनले युद्धको बिरोधमा तथा शान्तिका लागि गरेको त्यो निर्णयलाई विद्धानहरूले अत्यन्त साहसिक, दूरदृष्टि एवं महान् कदमको रुपमा वर्णन गरेका छन् ।**

मानव इतिहासमा बेलाबेला ठूल्ठूला दार्शनिक, विचारक एवं धर्म संस्थापकहरू प्रादुर्भाव हुने गरेका छन् । त्यसरी प्रादुर्भाव भएकाहरूले आफ्ना सिद्धान्त र विचारबाट समाजलाई प्रभाव पारी परिवर्तन पनि गरेका छन् । त्यस्तो परिवर्तनको दृष्टिकोणले इसापूर्व पाँचौ-छैठौं शताब्दी महत्वपूर्ण रहेको छ । त्यस कालमा फारसमा जराथुस्त, चीनमा कन्फुसस् र लाओत्से, भारतमा महावीर जैन र नेपालमा शाक्यमुनि बुद्धको प्रादुर्भाव भएको देखिन्छ । उनीहरूको दर्शन, सिद्धान्त र आदर्श यत्ति प्रभावकारी छन् कि उनीहरूले त्यस बेलाको समाजलाई मात्र होइन, आजको समाजलाई पनि उत्तिकै प्रभाव पारिरहेका छन् । आजको आधुनिक समाजले पनि उनीहरूका सिद्धान्त र दर्शनलाई उत्तिकै चिन्तन मनन गरी अनुशरण गर्ने गरेका छन् । तीमध्ये पनि बुद्धद्वारा प्रतिपादित धर्मदर्शन विश्वव्यापी भएको उल्लेख गर्न पाउनु हामी सबै नेपालीका लागि गर्वको विषय भएको छ ।

बुद्धद्वारा प्रतिपादित धर्मको धेरै विशेषताहरू छन् । तीमध्ये शान्ति, मैत्री, करूणा र अहिंसा अरु महत्वपूर्ण छन् । बुद्धले सबैमाथि करूणाभाव राख्थे र मैत्रीपूर्ण व्यवहार गर्थे । बुद्धलाई हामीलाई जस्तै समस्या पनि पऱ्यो । उनीमाथि मानिसहरूले अनेक लाञ्छना पनि लगाए । उनको हत्या गर्न मत्ता हात्तीको प्रयोग पनि गरियो । डाँकु अंगुलीमालले उनलाई मार्न तरबार पनि उठाए । तर उनले कहिल्यै कसैको विरोधमा नराम्रो सोचेनन् । उनले कसैप्रति बदलाको भावना राखेनन् । बरु उनले कुलतमा लागेकाहरूलाई सम्झाउने/बुझाउने गरी मन परिवर्तन गरे । उनले डाँकु अंगुलीमालको पनि मन परिवर्तन गरी भिक्षु बनाए । त्यसरी आफूमाथि सांघातिक आक्रमण गर्न आउनेहरूको पनि मन परिवर्तन गरी सत्मार्गमा लगाउन सक्नु एकातिरबाट हेरेमा त्यो उनको ठूलो पुरूषार्थ हो भने अर्कोतिर त्यो उनको महानता हो ।

सिद्धार्थ गौतमले जन्मेकै बेलादेखि केही अनौठो र आश्चर्यजनक क्रियाकलाप गर्थे । उनी शान्तिप्रिय थिए । कपिलवस्तुमा प्रत्येक वर्ष ठूलो उत्सवको आयोजना गरेर राजा शुद्धोधनले आफ्नो खेतमा हलो जोत्थे (बुद्धधर्ममा हलो जोत्नु नराम्रो मानिँदैन) । सिद्धार्थ जन्मेको वर्षमा पनि राजाले हलो उत्सव गरी खेतमा हलो जोत्न गए । सिद्धार्थलाई २/३ जना सुसारेको जिम्मा लगाएर दरवारका महिलाहरू पनि उत्सवमा सहभागी हुनगए । सिद्धार्थको रेखदेख गर्न बसेकाहरू पनि एउटा जामुनको रूखको छायाँमा सुतिरहेको बच्चालाई एक्लै छोडेर छिट्टै फर्कने विचार गरी उत्सव हेर्न पुगे । रमाइलो हेर्दाहेर्दै उनीहरू उतै भुले । पछि सबै आएर हेर्दा बालक सिद्धार्थ रूनु कराउनुको सट्टा ध्यानमग्न भएर बसिरहेका देखे । बालकको त्यो अवस्था देखेर सबै आश्चर्यचकित भए । सिद्धार्थ गौतमको शान्ति प्रियताको त्यो पहिलो झलक थियो ।

बिहानीले दिउँसोको लक्षण देखाउँछ भनेझैं भयो त्यो । किशोरावस्थामा पुगेका उनी एकपटक आफ्ना साथीहरूका साथ बगैंचामा खेलिरहेका थिए । त्यस्तैमा देवदत्तले वाण हानेर उडिरहेको हाँस खसाले । हाँस छट्पटाएर करायो । त्यो देखेरे सिद्धार्थ हाँस भएको ठाउँमा गई मायाले हाँसलाई च्यापेर औषधीमूलो गरी बचाए । त्यो हाँसको विषयमा देवदत्त र उनको झगडा भयो । देवदत्तले आफूले वाण हानी खसालेको हाँसमा आफ्नो हक लाग्ने जिकिर गरे भने सिद्धार्थले आफूले बचाएको हाँसमा आफ्नो अधिकार हुने दावी गरे । विवादले ठूलो रूप लियो । अन्तमा हाँस सिद्धार्थको भयो ।

सिद्धार्थ गौतम अत्यन्त संवेदनशील थिए । प्रख्यात ज्योतिषीहरूले उनी घरबार त्यागेर जाने भविष्यवाणी गरेका थिए । राजा शुद्धोदनले छोराले त्यसरी घरबार त्यागेर नजाओस् भनी दरवारमा उनलाई विशेष सुखशयलसाथ राखेका थिए । अत्यन्त सुख र सुविधारूपी पिंजडामा हुर्किएका सिद्धार्थ गौतम एकपटक बजार परिक्रमा गर्न जाँदा अकस्मात् कपाल सबै फुलेका, गाला चाउरी परेका, दाँत सबै झरेका, कुप्रो भएर सकिनसकी लठ्ठी टेकेर हिँडी रहेका एक वृद्ध देखे । दोस्रो पटक उनले रोगले अत्यन्त पीडित भएका, सडकमा नै छटपटाइ रहेका बिरामीलाई देखे, तेस्रो पटक उनले

दाहसंस्कारको लागि हरियो बाँसमा बाँधेर चार जनाले बोकी लगी रहेको शव देखे । सबै मानिसहरूको अवस्था त्यस्तै हुने कुरा थाहा पाएर उनी आकुल व्याकुल भए, छटपटिए र मर्माहत भए । अनि उनले जीवनलाई अरु नजिकबाट नियाल्न थाले । मानिसले भोगेका दुःख, दरिद्रता र निराशाबाट उनी अत्यन्त द्रविभूत भए । उनी संसारको दुःख हटाउने कुरामा चिन्तित हुन थाले । उनको सपना जपना नै संसारबाट कसरी दुःख हटाउन सकिन्छ र शान्ति स्थापना गर्न सकिन्छ भन्ने भयो ।

त्यस्तैमा उनले काषायवस्त्रधारी अत्यन्त शान्त भावले हिँडिरहेका भिक्षुलाई देखे । घरबार त्यागेर गएका त्यो भिक्षुको शान्तभावबाट विरक्तिएको उनको मनलाई आस्वासन प्राप्त भयो । तिर्खाएर छटपटिएका उनलाई चिसो पानी प्राप्त भएको अनुभव भयो । अनि उनले जगतका प्राणीहरूको उद्धारका लागि अवश्यमेव त्यो राज्य र राज्यका सुखभोग त्यागेर भिक्षु हुन जाने दृढ संकल्प गरे ।

तर, उनलाई आफ्नो संकल्प पूरा गर्ने अर्थात् घरबार त्यागेर जाने अवसर जुरेको थिएन । उनी त्यसैको ताकमा थिए । शान्ति स्थापनाका लागि चिन्तन मनन गरिएको त्यो उनको गम्भीर अवस्था थियो । जसले गर्दा पछि रोहिणी नदीको पानी वितरणको विषयमा कपिलवस्तु र कोलिय राज्यबीच युद्ध हुनलाग्दा उनी शान्तिको पक्षमा दृढतापूवर्क उभिन सके र त्यसै विषयमा भोग्नुपरेको देश निकाला जस्तो गम्भीर र कठोर सजाँयलाई पनि उनले सहजतापूर्वक अपनाए । उनले त्यो सजायलाई स्वीकारेका मात्र होइनन् कि त्यसलाई एक अवसर नै सम्झे र उनले घरपरिवार, राज्य सबै त्यागेर गए । जसलाई महाभिनिष्क्रमण भन्ने गरिएको छ । उनको त्यो महाभिनिष्क्रमण शान्तिका लागि गरिएको ठूलो छलाङ्ग मानिएको छ ।

यहाँनेर उल्लेखनीय कुरा के पनि छ भने केही विद्वानहरूले उनले महाभिनिष्क्रमण गरेको कारण माथि उल्लेखित चार निमित्त मान्दछन् भने अन्य केहीले रोहिणी नदीको पानीको वितरणको विषयमा कपिलवस्तु र कोलिय राज्यबीच युद्धको निर्णय हुँदा उनी युद्धविरूद्धमा लागेका कारण देशनिकाला हुनुपरेको बताउँछन् । ती दुवै थरीका विद्वानहरूले उनले महाभिनिष्क्रमण गर्नुपरेको कारण कसैले "यो कारण" र कसैले "त्यो कारण" भन्ने गरेका छन् । त्यसरी "यो कारण" कि "त्यो कारण" भन्ने दुवै पक्षले आ-आफ्नो तर्क, प्रमाण र बौद्धिकताको प्रदर्शन गर्ने गरेका छन् । आफ्नो पक्षमा जिद्दी गरेका छन् । उनीहरू एकले अर्काको कुरा नस्वीकार्ने अतिवादीमा परिणत भएका छन् । त्यसो गर्ने दुवै पक्षलाई एउटा प्रश्न छ– के अतिवादी हुनु उचित हो ? कुनैपनि घटनाको एउटा मात्र कारण हुन्छ भन्ने छैन । एउटाभन्दा बढी कारण पनि हुनसक्दछन् । सिद्धार्थले महाभिनिष्क्रमण गर्दा पनि ती दुवै कारण हुन सक्दछन् । त्यो कुरालाई महशुस गर्न सक्नुपर्दछ । त्यसबेलाको घटनाक्रमण, परिस्थिति र परिवन्दले यही कुरा औंल्याउने गरेका छन् । बुद्धको मध्यममार्गी बाटो र समन्वयवादी सिद्धान्तले पनि त्यही कुरा स्वीकार्न प्रेरित गरेका छन् । यो वास्तविकतालाई मनन गरेर "यो कारण" र "त्यो कारण" भन्ने विवादलाई हामीले सधैंका लागि समाप्त गर्नु आवश्यक छ ।

यसै कुरालाई एकछिनपछि फर्केर हेरौं । सिद्धार्थ वयस्क भएपछि अर्थात् २० वर्षमा शाक्य सन्थागार (संसद) को सदस्य भए । त्यसको ८ वर्षपछि कपिलवस्तु र कोलिय राज्यबीचमा रोहिणी नदीको पानी वितरणसम्बन्धी विवाद चल्यो । सेनापतिले कोलिय राज्यसँग युद्ध गर्नुपर्ने प्रस्ताव राखे । सिद्धार्थले प्रस्तावको विरोध गरी पानीको मूल्य ठूलो कि मानिसको रगतको मूल्य ठूलो भन्दै कम मूल्य पर्ने पानीको लागि बढी मूल्य पर्ने मानिसको रागतको खोला किन बगाउने भन्ने प्रश्न राखे । तैपनि सेनापतिले राखेको युद्धको प्रस्ताव पारित भयो । त्यसको भोलिपल्ट युद्ध गर्नका लागि कपिलवस्तुका वयस्कहरू सबै सेनामा अनिवार्य भर्ना हुनुपर्ने अर्को प्रस्ताव सन्थागारमा पेस भयो । सिद्धार्थले त्यस प्रस्तावको पनि विरोध गरे । त्यसमा पनि सेनापतिको जित भयो । पारित प्रस्ताव अनुसार सिद्धार्थ पनि सैनिक सेवामा जानुपर्ने भयो । उनी युद्धविरोधी भएकाले त्यसमा जान मानेनन्, इन्कार गरे ।

सेनापतिले युद्ध गर्ने प्रस्ताव र सेनामा भर्ती हुने प्रस्ताव दुवै अस्वीकार गरेका सिद्धार्थ गौतमलाई कपिलवस्तुको कानुन देखाए । कानुन अनुसार पहिलो त सिद्धार्थले सन्थागारले पारित गरेका ती दुवै प्रस्ताव स्वीकार गर्नुपर्थ्यो । दोस्रो ती प्रस्ताव स्वीकार नगर्ने हो भने उनी फाँसीमा झुण्डिनु पर्थ्यो या देश निकाला हुनुपर्थ्यो । र तेस्रो, परिवारको सामाजिक बहिष्कार भई सम्पत्ति हरण हुने अवस्थाको लागि तयार हुनुपर्थ्यो ।

उनी शान्तिवादी भएकाले पहिलो प्रस्ताव नस्वीकार्नमा दृढ थिए । तेस्रोमा उल्लेखित परिवारको सामाजिक बहिष्कार र सम्पत्तिहरण पनि उनको लागि उचित भएन । आफूले गरेको कार्यबाट परिवारले सजाँय पाउनुलाई उनले राम्रो मानेनन् । दोस्रोमा उल्लेखित फाँसी या देश निकाला, दुईमा एक छान्नुपर्ने भयो । उनले दुःखमा डुबिरहेका मानिसहरूका लागि धेरै काम गर्न बाँकी भएकाले फाँसी चढ्नु पनि उपयुक्त भएन । आखिर देश निकाला हुनु एकमात्र उपाय उनको सामु देखापर्‍यो ।

पहिले ४ निमित्त देखेर कहिले घरपरिवार छाडेर बाहिर जाउँ भनी भित्रभित्रै छटपटिरहेका उनको लागि देशनिकालाको त्यो सजाँय एउटा अवसर पनि भयो । उनको समस्याको समाधान पनि भयो । त्यस्तैमा उनको छोरा राहुलको जन्म पनि भयो । राहुलको जन्मपछि पारिवारिक बन्धनमा जकडिएला

भनी उनी अरु छिटो महाभिनिस्क्रमण गर्ने निर्णयमा पुगे र असार पूर्णिमाको रातमा २९ बर्षको उमेरमा उनले महाभिनिस्क्रमण गरे । उनले युद्धको बिरोधमा तथा शान्तिका लागि गरेको त्यो निर्णयलाई विद्वानहरूले अत्यन्त साहसिक, दूरदृष्टि एवं महान् कदमको रूपमा वर्णन गरेका छन् ।

उनको महाभिनिस्क्रमणको घटना कपिलवस्तु र कोलिय राज्यमा यत्ति ठूलो विषय बन्यो कि ती दुवै देशका नागरिकहरूले उनले युद्धको विरोधमा तथा शान्तिका लागि गरेका ती निर्णयको मुक्तकण्ठले प्रशंसा गरे । उनीहरूले आफूले गर्दा एकजना असल मानिसले देशनिकालाको सजाय पाएकोमा पश्चाताप् गरे, खिन्नता व्यक्त गरे । त्यहाँ यस्तो वातावरणको सिर्जना भयो कि कपिलवस्तु र कोलियले युद्ध नै गरेनन्, गर्न सकेनन् ।

उनी जंगलमा रहेको बेला कपिलवस्तु र कोलियको बीच युद्ध नभएको र युद्ध नभएकोले सन्थागारले पारित गरेको युद्धसम्बन्धी सबै प्रस्ताव निश्क्रिय भएर गएको हुँदा अब त्यो देशनिकालाको सजाय पनि स्वतः समाप्त भएको उनलाई सुनाएर आफ्नो देश फर्कन आग्रह गरिएको थियो । त्यसरी सुनाउँदा त्यो युद्ध नभएको खुशीको कुरा हो भन्दै उनले तर दुःख निवारणको लागि आफूले गरेको प्रयास पुरा नभएकोले फर्कन मानेनन् । उनले दुःख निवारण गर्ने आफ्नो अभियान जारी रहने बताए । यसबाट पनि प्रष्ट हुन्छ कि उनको महाभिनिष्क्रमणको कारण देश निकालाको सजाँयमात्र थिएन । चार निमित्त पनि थियो अर्थात् अर्को शब्दमा भन्ने हो भने ती दुवै कारण थिए ।

एकपटक कोशल देशका राजा विडुडभले कपिलवस्तुमाथि हमला गर्न आफ्नो सेना बढाइरहेका थिए । त्यो कुरा बुद्धले थाहा पाए र त्यो सम्भावित युद्ध रोक्न उनी सेनाहरू आउने बाटोको एक रूखमुनि गएर बसे । बुद्ध त्यसरी बसेको थाहा पाएर राजा विडुडभले आफ्नो सेनालाई बीचैबाट फर्काएका थिए । उनले कपिलवस्तु माथिको आक्रमण त्यसरी रोकेका थिए । उनले त्यो राज्यको आक्रमणलाई एकपटक मात्र होइन, दुई पटक रोकेका थिए ।

उनी बुद्धभएपछि पनि कपिलवस्तु र कोलिय राज्य एक पटक फेरी युद्ध गर्न तयार भएका थिए । त्यो थाहा पाएर उनी सम्भावित युद्धस्थल पुगे । उनलाई युद्धस्थलमा देखेर दुवै देशका सैनिकहरू पछि-पछि हट्दै गए । त्यहाँको सम्भावित युद्ध फेरि टर्‍यो । दुवै देशमा शान्ति छायो । दुवै देश खुशी भए । बुद्धले पटकपटक युद्धलाई पन्छाएर शान्ति स्थापना गराएकोमा खुशी भएर ती दुवै राज्यले आफ्ना २५०/२५० जना नागरिकलाई भिक्षु बनाएर उनको संघमा समर्पित गरी उनको सम्मान गरेका थिए । त्यसरी सम्मानित हुनु अत्यन्त दुर्लभ कुरा हो । जुन बुद्धलाई प्राप्त भएको थियो ।

भगवान् बुद्धको जीवनका यी प्रतिनिधि घटना मात्र हुन् । उनले शान्ति स्थापनाका लागि अरु धेरै कार्य गरेका बौद्ध शास्त्रमा उल्लेख छन् । उनले शान्ति स्थापनाका जे जसरी प्रयासहरू गरे, त्यसरी शायदै कुनै विचारक, दार्शनिक एवम् धर्मसंस्थापकहरूले गरेका होलान् ! युद्धस्थलमा निडर र निर्भिक भएर आफू स्वयं पुगेर युद्ध रोक्नु सामान्य कुरा होइन । त्यो असाधारण कुरा हो, जुन भगवान् बुद्धले गरेका थिए । त्यो पनि एकपटक होइन, एक ठाउँमा मात्र होइन, धेरै युद्धस्थलमा आफू स्वयम पुगेर युद्ध गर्न तम्तयार भएका युद्धपिपासुहरूलाई सम्झाएर-बुझाएर तथा उनीहरूको मन परिवर्तन गरी युद्ध गर्नबाट विमुख बनाएर तथा युद्धस्थलबाट फर्काएर उनले शान्ति स्थापना गरेका थिए ।

फेरि उनले आफैले शान्ति स्थापना मात्र गरेका होइनन्, शान्ति स्थापनाका लागि उपायपनि बताएका छन् । त्यसको लागि उनले पञ्चशीलको शिक्षा दिएका छन्, चार आर्यसत्यको उपदेश गरेका छन्, आर्य अष्टाङ्गिकमार्गको उपाय बताएका छन् र प्रतीत्यसमुत्पादको व्याख्या गरेका छन् । उनले बताएको पञ्चशीलमा निहित प्राणीहिंसा नगर्ने, अर्काको सामान नचोर्ने, व्यभिचार नगर्ने, असत्य नबोल्ने र लागू पदार्थको सेवन नगर्ने मात्र गरियो भने पनि समाजको दुःख, कष्ट, अशान्ति धेरै प्रतिशत हट्नसक्छ, घट्नसक्छ । शान्ति स्थापनाको लागि ठूलो योगदान हुनसक्छ । उता उनको शील, समाधि र प्रज्ञाको महत्व र प्रभावकारिता अर्कैछ ।

उनको विशेषताको रूपमा रहेको, अर्को महत्वपूर्ण कुरा छ, त्यो हो- ध्यान, विपश्यना ध्यान । विपश्यना ध्यान यस्तो विधि हो, जसको साधना र अभ्यासबाट मानिस स्वतः शान्तिमा प्रविष्ट हुन्छ । भगवान् बुद्धले पनि विपश्यना ध्यानबाट नै बोधिज्ञान प्राप्त गरेका हुन् । बुद्धत्व प्राप्त गरेका हुन् । ध्यान विधि शान्तिका लागि अचुक औषधी हो । विपश्यना ध्यान विश्वका लागि उनको अर्को ठूलो उपहार हो ।

यसरी हेर्दा भगवान् बुद्धको जन्म नै शान्तिको लागि प्रादुर्भाव भएको प्रष्ट देखिन्छ । शान्तिका लागि उनले गरेका कार्यहरू, योगदानहरू र शिक्षादीक्षा सबैलाई दृष्टिगत गरेर उनलाई शान्तिका दूत, शान्तिका अग्रदूत र शान्ति नायक भन्ने गरिएको छ । उनको मुखाकृति नै यत्ति शान्त, स्वच्छ र निर्मल छ जसलाई हेरिमात्र रह्यो भने पनि हाम्रो मनको तनाव घट्नसक्छ, रागद्वेष हट्नसक्छ, क्रोध शान्त हुनसक्छ र शान्तिको अनुभूति हुनसक्छ । त्यसैले बुद्धमूर्ति आफ्नो घर-कोठा, बगैंचा, सार्वजनिक स्थानहरूमा सजाएर राख्ने गरिएको छ । अब त यस्तो अवस्था आएको छ कि बुद्धको नाम लिनासाथ शान्तिको आभास हुन्छ भने शान्ति भन्नासाथ बुद्धको स्मरण हुन्छ । शान्ति र बुद्ध एक अर्काका पर्याय भएका छन्, पूरक भएका छन् र अन्योन्याश्रित भएका छन् ।

*(लेखकः पोखराका वरिष्ठ पत्रकार हुन् । )*

# धर्मात्मा दुःखी प्राणीहरुको उद्धारमा व्यस्त



✍ **लोकबहादुर शाक्य**

मानवहरू र देवताहरू बुद्धधर्मको अभ्यास गर्छन्, जुन धर्मले यस लोकको जीवनमा प्रमुख महत्व दिन्छन् । यो अभ्यासभित्र दान, शील र भावनाका तीन उपदेशहरू पर्दछन् । श्रावकहरूले अभ्यास गरेका बुद्धधर्मले प्रज्ञा, क्षान्ति (धैर्य) र बोधिज्ञानका लागि निरन्तर लागिरहन आध्यात्मिक प्रयासमा मुख्य जोड दिन्छन् । हामीले यही मनुष्य लोकमा नै पूर्ण रूपले बाँच्नु र अभ्यास गर्नुपर्छ । यो संसार पार गर्न प्रयासमा लागिरहने श्रावकका सबै गुणहरू र बलहरूलाई आफूमा विकास गर्न हामीले अभ्यास गर्नुपर्छ । यी माथि उल्लेख भएका विभिन्न धारहरूका कुराहरूलाई संश्लेषण र समन्वय गरी हामीले अरूलाई मद्दत गरी आफैलाई मद्दत गर्न सिक्नुपर्छ । यस्तो गरेमा बुद्धलोकमा पुग्ने प्रमुख र अन्तिम पुरस्कार हामीले प्राप्त गर्नेछौं ।

सद्धर्मपुण्डरिकसूत्रमा बुद्ध भन्नुहुन्छ, "म एउटै धर्मको बारे बोल्छु, दुई र तीन धर्मका बारे होइन ।" यस्तो कुरा भन्नुहुँदा बुद्ध सबै दुःखी प्राणीहरूको उद्धार गर्न बोधिसत्व पथबारे बोलिरहनुभएको थियो । गुणहरूका अनगिन्ती स्वरूपहरू छन्, तर आखिरमा तिनीहरू सबैलाई तीन आधारभूत शीर्षकहरूमा एकत्रित गर्न सकिन्छ– शीलहरूको पालना, ध्यानभावना र प्रज्ञा साधारण अर्थमा भन्ने हो भने यी तीन नभई नहुने गुणहरूयुक्त वा चारित्रिक व्यवहारलाई मिहिनेतपूर्वक अभ्यासगर्दा लोभ, अज्ञान र रीसजस्ता नराम्रा अवगुणहरू वा रोगहरूबाट हामी आफूलाई मुक्त पार्न सक्छौं । धैर्यपूर्वक निरन्तर रूपले यी गुणहरूको अभ्यासमा लागिरहँदा हामीहरू हाम्रा स्वभाव र चरित्रलाई उत्कृष्टस्तरमा पुऱ्याउन, भावनालाई चोख्याउन (चोखो बनाउन), मैत्री गुणहरूलाई अझ बढी समृद्ध र विकास गर्न र हाम्रा जीवनका विविध क्षेत्रहरूमा प्रभावशालीतालाई बढाउन थाल्छौं ।

महावैपुल्य-महासन्निपातसूत्रले भन्छ, "शीलपालन,

**– शीलहरूको पालना, ध्यानभावना र प्रज्ञा साधारण अर्थमा भन्ने हो भने यी तीन नभई नहुने गुणहरूयुक्त वा चारित्रिक व्यवहारलाई मिहिनेतपूर्वक अभ्यासगर्दा लोभ, अज्ञान र रीसजस्ता नराम्रा अवगुणहरू वा रोगहरूबाट हामी आफूलाई मुक्त पार्न सक्छौं ।**

ध्यान भावना र प्रज्ञा" अतुलनीय धारणी नै हुन् । तिनीहरू ती शक्ति हुन्, जसले शरीर (काय) वाक (बोलि) र चित्तद्वारा हुने सबै कर्महरूलाई धोइदिन्छन्, सफा गरिदिन्छन् र त्यस्ता गुणहरू भएकालाई सबै मानिसहरूले मनपराइ दिन्छन् । धर्मलाई पूर्णरूपमा फलदायक बनाउन हामीहरूले पुस्तकहरू र पत्रपत्रिकाहरूलाई प्रकाशनमा ल्याउनु पर्दछ, आवश्यक कुराहरू सिकाउनु र त्यसअनुरूप कार्यहरू पनि गर्नुपर्दछ । जहाँसुकै भएपनि हामीले अरूलाई मद्दत गर्न र धर्मप्रचार गर्न हाम्रा आफ्ना शक्तिहरू र उर्जाहरू खर्च गर्नुपर्छ । वज्रच्छेदिका प्रज्ञापारमिता सूत्रमा बुद्ध भन्नुहुन्छ– जुनसुकै तरिकाद्वारा अण्डजः, स्वेदजः, जरायुज तथा औपपादक प्रक्रियाद्वारा जन्म भएका सबै प्राणीहरूको म रक्षा गर्दछु । कसैलाई नछुट्याई म तिनीहरू सबैलाई निरूपाधिशेष निर्वाणसम्म पुऱ्याउँछु । कसैलाई पनि बाँकी नछाडी सबै प्राणीहरूलाई म बचाउनेछु ।

यस भनाइद्वारा हामी बुझ्दछौं, बुद्धले आफू र अरूमा कुनै विभेद देख्नुभएन । हामीले अरूलाई मद्दत गर्दा आफूलाई नै मद्दत गरिरहेका हुन्छौं । अरूलाई मद्दत गर्नुको अर्थ उनीहरूलाई भौतिक रूपमा मद्दत गर्नु मात्र होइन । बुद्धधर्मबारे बोध गराउन मद्दत गर्नु निकै महत्वपूर्ण कुरा हो, किनभने बुद्धधर्मको अभ्यासद्वारा नै तिनीहरूले आफैलाई नै मद्दत गरिरहेका हुन्छन् । बुद्धधर्मले उनीहरूलाई निर्वाणसम्म डोऱ्याउँछ । यही प्रकाशन र शिक्षणको माध्यमद्वारा धर्मप्रचारप्रसार गर्न हामी पूर्ण रूपमा जुट्न सकेको खण्डमा यो लक्ष्यप्राप्त हुनेछ ।

यस्ता सांस्कृतिक कार्यकलापहरूद्वारा विश्वका विभिन्न भागमा धर्म फैलाउन र यत्रतत्र सबैतिरका मानिसहरूलाई धर्मबारे शिक्षित गर्ने हामी प्रभावशाली साधन वा कारकतत्व बन्न सक्छौं । सूत्रहरूका धेरै श्लोकहरूले धर्मप्रचारका गुणगान गाएका छन् । बारम्बार धेरैपल्ट ती श्लोकहरूले भौतिक दान वा उदारताका हजारौं कार्यहरू भन्दा धर्म–प्रचारप्रसारको एउटा सिंगो कार्यले धेरै पुण्य प्रदान गर्दछ भन्ने कुरा बताउँछन् । करूणा र प्रचारप्रसारले अनगिन्ति प्राणीहरूलाई अज्ञानताको खतराबाट बचाउनेछन् र तिनीहरूको यस संसारमा जतातत्तै सर्वकालिक प्रभाव छाड्ने छन् ।

यी सबै कारणहरूका लागि स्थापना (जन्म) भएदेखि विपत र प्रकोप उद्धार कार्यक्रमहरूमा मात्र नभई धेरै अन्तर्राष्ट्रिय क्रियाकलापहरू जस्तै युवाहरूका लागि शिविर, अन्तर्राष्ट्रिय सद्भावना भ्रमण, अन्तर्राष्ट्रि अध्ययन समूह, विश्व बौद्ध परीक्षा, अन्तर्राष्ट्रिय सांस्कृतिक आदानप्रदान कार्यक्रमहरूमा बि.एल.आइ.ए. सक्रिय हुँदै आएका छन् । त्यस्ता क्रियाकलापहरूका साथ बि.एल.आइ.ए.ले बौद्ध अध्ययनका लागि छात्रवृत्तिहरू प्रदान गर्दछ । यसले जेन बौद्ध विनयहरू पूरा प्रकाशन गरको छ । ११ वटा भागमा ती विनयहरूका प्रतिलिपिहरू विश्वका पुस्तकालयहरू र व्यक्तिहरूलाई बाँडिएका छन् । *(श्रोत : बुद्धज्योति युग, माष्टर सिनयुन अनुवादक : देवकाजी शाक्य)*

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यही नै बुद्धको उपदेश हो**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ४२३८१४७, ४०३००४४, ०१२२९२२३०**
E-mail: vishwamotor@gmail.com

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।**
**सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।**

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**पाको, न्यूरोड, काठमाडौं, फोन : ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७**

# बुद्धको धम्म र धर्मनिरपेक्ष राज्यको कुरा



✍ डा. गेहेन्द्रमान उदास "पोखरेली"

बाटुलेचौर, पोखरा १६

**– वास्तवमा धर्मनिरपेक्ष राज्यको तात्पर्य धार्मिक भावना र धर्मबाट आफूलाई विमुख पार्नु वा नास्तिक हुनु भनेको होइन । आफ्नो धर्मको सत्यतथ्य कुरा प्रचार गर्न पाए पनि, करकाप, लोभलालच र अन्धविश्वासमा पारेर वा परेर धर्मपरिवर्तन गराउने वा गर्ने भन्ने पनि होइन । ....**

**– "धर्मनिरपेक्ष राष्ट्र नेपालमा एकताबद्ध भई "नेपाली हौँ" भन्ने पहिचान लिएर गौतम बुद्धको, "बाँचुञ्जेल शाश्वत (निरन्तर) शान्ति र सन्तुष्टमय सुखभोग गरी बाँचौं र अरूलाई पनि त्यसरी नै बाँच्न दिऔँ" भन्ने जीवनशैलीलाई विकास गरौँ ।**

एकल जाति र एकल धर्मको विंडो गाडिरहेको पञ्चायती राजनीतिक व्यवस्था र २०४६ सालको जनआन्दोलनले पञ्चायती राज्यलाई अन्त्य गरेर बहुदलीय व्यवस्था पुनर्स्थापित गरेपनि, अधिनायकवादी पञ्चायती राजनीति चलाउनेहरूकै हैकमवादी संस्कार लिएर आएका नेताहरूले सरकारले २०४७ सालको संविधानमा पनि, जनसागरको धर्मनिरपेक्ष आवाज र सडक प्रदर्शनलाई ह्याकुला मिचाइ गरेर, नेपाललाई त्यही पञ्चायती संविधानको "हिन्दू राष्ट्र" नै घोषणा गर्‍यो । तर नेपाल बहुदलीय लोकतन्त्र भएकोले, अभिव्यक्ति स्वतन्त्रता पाएको हुनाले जनताले आफ्नो विचार, व्यथा र अधिकारको लागि धर्मनिरपेक्षताको आवाज बुलन्द गर्न छाडेनन् । नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनुपर्छ भन्नेहरू चूप लागेर बस्न मानेनन् ।

त्यस्तो वातावरणमा यो कलमको लेखकले "बुद्ध धर्ममा धर्मनिरपेक्षता शीर्षकमा २०४८ सालमा धरानमा भएको तेस्रो राष्ट्रिय बौद्ध सम्मेलन र धर्मोदय सभाको अधिवेशसनमा कार्यपत्र प्रस्तुत गरेको थिएँ । यद्यपि श्रद्धेय भिक्षु अमृतानन्दले आफ्नो जीवनकालमैं 'धर्मनिरपेक्षताको कुरा गर्नु भएपनि, जहाँसम्म मलाई लाग्छ, "हिन्दू राष्ट्र नेपाल" भन्नुको सट्टा "धर्मनिरपेक्ष राज्य (राष्ट्र) नेपाल" भन्नुपर्छ भन्ने जिकिर भएको र सभासम्मेलनमा छलफल गरिएको मेरो उक्त कार्यपत्र, त्यस बेलासम्मको पहिलो कार्यपत्र थियो । सम्मेलनमा १-२ जनाले कार्यपत्रमा विवादास्पद भनी टिप्पणी गरे पनि अत्याधिक सहभागीहरूले, विवादास्पद विषय होइन र समसामयिक एवम् ८० प्रतिशतभन्दा बढी नेपालीहरूको मागको विषय हो भनी सर्वसम्मतिबाट बुद्धको आदर्शअनुरूप नेपाल धर्मनिरपेक्ष रहनुपर्ने र संविधानमा 'हिन्दू' हटाएर धर्मनिरपेक्ष अधिराज्य राख्नुको साथै 'बहुधार्मिक' भन्ने पनि थप्नुपर्ने कुरा निर्णय गरेको थियो ।

अन्ततोगत्वा ०६२-०६३ को दोस्रो जनआन्दोलको फलस्वरूप, विगतको हिन्दूराष्ट्रको हैकमबाट शोषित पीडित भएका आदिवासी, दलित, सिमान्तकृत र लोपोन्मुख समाज समुदाय र उदारवादी हिन्दूहरूको समेत समयानुकूल आवाज र सक्रियताले गर्दा नेपालको अन्तरिम संविधान २०६३ मा "नेपाल एक स्वतन्त्र, अभिभाज्य सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो" भनी घोषणा गर्‍यो । धर्मनिरपेक्ष राज्य र राष्ट्रले मानवतावादी र यथार्थवादी धार्मिक सद्भावना विकास गर्ने भएकोले मानवतावादी विश्वको बौद्धिक समाजमा धर्मनिरपेक्ष राज्य को महत्व मूल्य-मान्यतालाई नेपालले पनि आफ्नो अभियानमा २०७२ सालको वर्तमान संविधानले पनि कोसेढुङ्गाको रूपमा अभियानलाई अघि बढायो ।

तर अझै पनि अल्पसङ्ख्यक केही परम्परादीहरूले धर्मनिरपेक्ष राज्य नेपालको विरूद्ध अनर्गल प्रचार गर्ने र प्रतिक्रियावादी क्रियाकलाप गर्ने गरेको देख्दा, नेपाललाई फेरि अन्धकारमा धकेल्न खोजेको बुझिन्छ । जङ्गबहादुर राणाले आफ्ना सन्तान दरसन्तानलाई मात्र प्रधामन्त्री बनाउने तुच्छ स्वार्थ लिएर राणावंशमा मात्र प्रधानमन्त्री पदको रोलक्रम बनाउँदा १०४ वर्षसम्म नेपाल र नेपाली समाजलाई अँध्यारोमा राख्यो । विश्वको बदलिँदो कदम र मानव सभ्यता र संस्कारबाट अनभिज्ञ राखेर जनतालाई जसरी जन्तु बनाएको थियो, त्यही शैली र आकाङ्क्षा लिएर अधिनायवादीहरूले झूटमूढको विद्वता देखाएर आफ्नो प्रभाव बढाउन र नेपाललाई फेरि प्रतिगमनतिर लान खोज्दै छ । यस्तो अवस्थामा बौद्धहरूले मात्र होइन बौद्धिकहरूले पनि गौतम बुद्धको मानवतावादी यथार्थवादी, करूणावादी, 'जीत पनि होइन, हार पनि होइन' भन्ने जीवन दर्शनलाई

सर्वसाधारणले बुझ्ने गरी प्रचारप्रसार अभियान चलाउनुपर्छ । अतिवादी र उग्रवादीहरूले विदेशीको बुइँमा समेत चढेर धर्मनिरपेक्ष राज्यको विरूद्ध, 'धर्मनिरपेक्ष राज्यको अर्थ कुनै धर्म नमान्नु भनेको हो' भन्ने अनर्गल प्रचार अभियान चलाइरहेछन् । उहाँहरूलाई धर्मनिरपेक्ष राज्यको वास्तविक अर्थ र राष्ट्रियता तथा अन्तर्राष्ट्रिय महत्वका कुरा सम्झाउने बुझाउने, गौतम बुद्धको शब्दमा बोध गराउने प्रयास निरन्तर गर्दै गएर धर्मान्धतालाई शुद्धिकरण गर्नुपर्छ ।

वास्तवमा धर्मनिरपेक्ष राज्यको तात्पर्य धार्मिक भावना र धर्मबाट आफूलाई विमुख पार्नु वा नास्तिक हुनु भनेको होइन । आफ्नो धर्मको सत्यतथ्य कुरा प्रचार गर्न पाए पनि, करकाप, लोभलालच र अन्धविश्वासमा पारेर वा परेर धर्मपरिवर्तन गराउने वा गर्ने भन्ने पनि होइन । तर स्वतन्त्र चिन्तन नगरी नबुझीकन प्रभुत्वाकाङ्क्षा र निहित स्वार्थले कुनै धर्ममा आवद्ध वा पूर्वाग्रही अर्थात् धर्मान्ध नहुनु भन्ने तथ्यलाई स्वीकार गर्नु हो भने अर्कोतिर राज्यले कुनैपनि धर्मलाई एक पक्षीय रूपले नलिनु र सबै धर्मलाई समान रूपले व्यवहार गर्नु मात्र भन्ने अभिप्राय हो । अर्को शब्दमा भन्ने हो भने राज्यले कुनैपनि धर्मलाई नअँगाल्नु वा राज्यको धर्म हुँदैन भनेको हो । यो तथ्यलाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित नेपाली वृहत शब्दकोषमा पनि यसरी प्रष्ट पारिएको छ । "कुनै एउटा धर्मलाई मात्र खास मान्यता नदिएर सबै धर्मलाई समान ठान्ने तथा धर्मका मामलामा कुनै किसिमको हस्तक्षेप नगर्ने र संविधानमा पनि कुनै धर्मको आड नलिने (राज्य, समाज)" भनिएको छ ।

एकजना कविले औषधीको बारे यस्तो लेखेका छन्, "प्राय औषधिको स्वभाव पहिले हुन्छन् है तितो हुने । ती हुन्छन् परिणाममा तर बडो सुस्वास्थ्य-शान्ति दिने ।।" त्यस्तै जस्तो "धर्मनिरपेक्ष राज्यको वास्तविक अर्थ र महत्व बोध गर्नलाई आ-आफ्नो धर्म मान्दै परम्परावादीहरूमा बानी परेकोले शुरूमा आत्मसात गर्न गाह्रो वा तितो हुने हुन्छ । तर नेपाली वृहत शब्दकोशले अर्थ र महत्व दर्शाएजस्तै गरी सबै धर्मावलम्बीहरूले त्यहीअनुरूप जीवन शैली अपनाएमा आफ्नो राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म गौतम बुद्धको धम्म-दर्शन अनुसार शाश्वत शान्ति र सन्तुष्टमय सुखी वातावरण बनाउन सकिन्छ । इतिहासमा देखाएजस्ता धर्मको नाममा झैझगडा गर्ने युद्ध, पीडा सहनु पर्ने समस्याबाट सम्पूर्ण मानव समाजले मुक्ति पाउने कुरा निश्चित छ ।

त्यसकारण हाम्रो देश बहुधार्मिक, बहुजाति, बहुभाषा, संस्कृति र इतिहास भएको राष्ट्र हो । यी नै तथ्यहरूलाई आत्मसाथ गरेर "धर्मनिरपेक्ष राष्ट्र नेपालमा एकताबद्ध भई "नेपाली हौँ" भन्ने पहिचान लिएर गौतम बुद्धको, "बाँचुञ्जेल शाश्वत (निरन्तर) शान्ति र सन्तुष्टमय सुखभोग गरी बाँचौं र अरूलाई पनि त्यसरी नै बाँच्न दिऔँ" भन्ने जीवनशैलीलाई विकास गरौँ ।

Email:gehendra.pkhareli@yahoo.com

दर्ता नं. ३३७६/०६७/०६८

एभाइटल
बचत तथा ऋण सहकारी संस्था लि.
AVITAL SAVING & CREDIT CO-OPERATIVE LTD.
न्यूरोड, काठमाडौं, नेपाल
फोन नं. ०१-४२४०६०९

(एकका लागि सबै,सबैका लागि एक)

**हाम्रो सेवा तथा सुविधाहरु**

- निशुल्क बचत खाता खोल्न सकिने
- निशुल्क चेक बुक पाइने
- बचतको रकम निकाल्न र राख्न घरदैलो सेवा सुविधा दिइने
- सरल तथा छिटो कर्जा सुविधा भएको
- ३/३ महिनामा ब्याज भुक्तानी गरिने
- मुद्दति बचत खातामा उच्चतम् ब्याजदर
- **३६५** दिने बचत खाताको विशेष सुविधा
- बाल बचत खातामा **बर्थडे केक** को ब्यवस्था

*सर्तहरु लागु हुनेछन्

**कारोबार समयावधि :**

**आइतबार-बिहिबार**

बिहान १० बजे देखि बेलुका ३:३० बजेसम्म

सार्वजनिक बिदाको समयमा सम्पूर्ण कारोबार बन्द रहनेछ ।

**शुक्रबार**

बिहान १० बजे देखि बेलुका १:३० बजेसम्म



# लुम्बिनीको पवित्र उद्यान र सुन्दरी प्रतियोगिता

✍ **राजेन मानन्धर**

razeno@gmail.com

एकजना थिए हुयेन साङ, जो आजभन्दा १३८० वर्ष अगाडि भगवान् बुद्ध त्यस ठाउँमा जन्मेका थिए भन्ने सुनेकै भरमा चीनदेखि ७ वर्ष लड्दैपड्दै हिँडेर यहाँ लुम्बिनी आए र आफ्नो माथा टेकेर गए । अर्को हामी नेपाली छौं, जो त्यस पवित्र उद्यानलाई सुन्दरी प्रतियोगिता गर्ने अखडा बनाउन लागिपरेका छौं । भन्नुस्, बुद्ध कहाँ जन्मेको थियो?

यहाँ बुद्धभूमिको पवित्र उद्यानको छेउमा दिनहुँ हेरिहँदा भावविभोर बनाउने दृष्यहरू यस्ता हुन्छन्- कोही पानी, चामल, फूल, अत्तर चढाउँछन्, कोही पैतालादेखि निधारसम्म भुँइ छुवाएर दण्डवत गर्दै परिक्रमा गर्छन् । किन नगरून्? यो भुँइ नै यस्तो छ । यहाँसम्म नआएकाहरूको कुरा छोडौं, आएकाहरूले पनि आफैलाई सोधौं, हामीले के गर्यौं त?

यो १२२ वर्षमा पनि हामी नेपालीहरूले जतिसुकै बुद्ध नेपालमा जन्मेको भनेर उफ्रे पनि, छिमेकी राष्ट्रमाथि धारेहात लगाए पनि, वा वर्ल्ड रेकर्ड बनाए पनि, एउटा साझा, पवित्र, श्रद्धापूर्ण, सम्मानजनक र नीतिगत धारणा बनाउसकेका छैनौं । अहिले पनि हामी सबै अन्धाले हात्ती छामेजस्तो गरिरहन्छौं । कसले भन्ने यहाँ के गर्दा ठिक र के गर्दा बेठिक हुन्छ भनेर ?

अब अहिलेको प्रसंगमा । करिब छ महिना जति अगाडि लुम्बिनीमा मिस लुम्बिनी भन्ने सुन्दरी प्रतियोगिता भएको रहेछ । त्यसको एक चरणमा आयोजकले लुम्बिनीको पवित्र उद्यानमा ती प्रतियोगी सुन्दरीहरूलाई विभिन्न मुद्रामा नचाएर पुरा गरे । विश्वका बौद्धहरूको आराधनाको केन्द्रविन्दूमा यस्तो किन गर्नुपर्‍यो, गर्न कसको अनुमति लिएको थियो, कसरी अनुमति दियो, यो कसले देख्यो, कसले कस्तो प्रतिक्रिया जनायो भन्ने अहिलेको प्रश्न रहेन । दुईदिन अगाडि मैले यूट्युबमा लुम्बिनीसम्बन्धी अपलोड गरिएका भिडिओहरू खोज्ने क्रममा ड्रिम्स इभेन्ट एण्ड इन्टरटेन्मेन्टद्वारा डिसेम्बर २, २०१७मा अपलोड गरिएको मिस लुम्बिनी २०७४ को पवित्र उद्यानमा मायादेवी मन्दिरको छेवैमा कोरियोग्राफी गरिएको एक दृष्य देखें, जहाँ एक दर्जन जति सुन्दरी प्रतियोगीहरू फोटोसेसन र जामा उचाल्दै नृत्य गरिरहेका थिए । यस्तो इभेन्ट लुकेर छिपेर, अनुमति नलिई गर्न मिल्ने कुरै थिएन । एउटा भिडिओ क्यामेरा लान अनुमति लिनुपर्ने वा दस्तुर तिर्नुपर्ने अनि शरीर, झोला जाँच गर्ने, मेटल डिटेक्टरको सुरक्षाढोका पार गर्नुपर्ने, चौबिसै घण्टा सुरक्षा गार्ड हुने ठाउँमा त्यो छायांकन गरिएको थियो । अझ मैले हेर्दासम्म ८ हजार जनाले उक्त भिडिओ हेरिसकेको थियो, ६९ जनाले मनपराइसकेको थियो । मलाई व्यक्तिगत रूपमा आपत्तिजनक लाग्यो । तत्कालै त्यसको एक स्क्रिनशटसहित यहाँ लुम्बिनीमा यस्तो हुन थालेछ भनेर फेसबुकमा पोस्ट गरें । धेरैले आश्चर्य व्यक्त गरे, खेद व्यक्त गरे र विरोध जनाए । सबैले लुम्बिनी विकास कोषको उत्तरको प्रतीक्षा गरे, जुन स्वभाविक थियो ।







यस सुन्दरी प्रतियोगिताभन्दा पनि लुम्बिनी विकास कोषको उत्तर बढी अर्थपूर्ण थियो । कोषका प्रमुख



**– हामी सबैको सरोकार भनेको लुम्बिनी हो र यसको विकास गर्ने जिम्मा लुम्बिनी विकास कोषको हो । तसर्थ प्रश्न पनि त्यतै तेर्सिन्छ । वर्षको छ करोड बजेट ल्याएर बुद्धजयन्ती मनाउन सक्ने कोषले के पैसै नभएर दस्तुर लिएर त्यहाँ सुन्दरी प्रतियोगिता गराएको थियो र भन्ने प्रश्न पहिलो हो ।**

**– कोषले अब यसउप्रान्त समस्त नेपालीहरूले बुद्ध नेपालमा जन्मेको भनेर गर्व गर्ने ठाउँ, विश्वका करोडौं बौद्धहरूको आस्थाको धरोहर, अनि सरकारले ने विश्वशान्तिको मुहान भनेर प्रचार गरिएको पवित्र बुद्धजन्मभूमिमा यस्तो अवांछनीय कृयाकलाप हुनेछैन, गराइने छैन भनेर जनतालाई विश्वस्त गराइनुको विकल्प छैन ।**

सुचना अधिकृत हरि राईले कमेन्टमार्फत भन्नुभयो, "लुम्बिनीमा कुनैपनि प्रकारको नृत्यलाई अनुमति दिइँदैन, र लुम्बिनी विकास कोषले कहिल्यै यस्तो कृयाकलापलाई अनुमति दिएको छैन । यो कुनै नृत्य प्रतियोगिता होइन । यो सामान्य धार्मिक स्तोत्रपाठ र भक्तिपूर्ण प्रस्तुति होला । कृपया प्रमाण र आधार नलिई दोष लगाउनेबाट टाढा रहनुहोला । लुम्बिनी विकास कोष ।" यसमाथि रश्मिला प्रजापतिले टिप्पणी गरेपछि उहाँले फेरि थप्नुभयो, "के तपाईँ टेबुलमा थुप्रै फूलहरूका साथ बौद्ध पूजाको तयारी देख्नुहुन्न? के तपाईँ कुनै नृत्य वातावरण र मानिस तथा वाद्ययन्त्रहरू देख्नुहुन्छ? त्यो पवित्र क्षेत्र भनेको २४ घण्टा सिसी क्यामराको सुरक्षामा रहन्छ, तपाईँको जानकारीको लागि । धन्यवाद ।"



विकास कोषको यस आधिकारिक जवाफ आइसकेपछि कोषमा धाएर जानकारी लिइरहनु जरूरी भएन । मैत्री भिक्षुले लुम्बिनी विकास कोषमा रेकर्ड छैन भन्नु र कोषले त्यस्तो अनुमति दिइएको छैन भन्नु अनि युट्युबमा घामको उज्यालोमा भड्किलो लुगा लगाएका महिलाहरूले जिउ मर्काई मर्काई भावभंगितासहित त्यस विभिन्न देशका रिम्पोछे, धर्मगुरुहरूले पलैंटी कसेर पूजापाठ गर्ने ठाउँमा नृत्य गरेको दृष्य देखिरहनुको बिचमा तालमेल खोज्नु पर्ने आवश्यकता महशुस गरें ।



कुरा सुन्दरी प्रतियोगिताकै हुन्छ । म सुन्दरी प्रतियोगिताको विरोधी होइन (कुनैबेला विरोध गर्नेहरूले नै आफ्ना छोरीहरू पठाउन थालेका छन् भन्ने सुनेको पनि यहाँ प्रासंगिक हुन्छ) । वयस्क महिलाहरू आफुखुशी आफ्नो शरीर कहाँ कसरी कति प्रयोग गर्ने वा गराउने भन्ने विषयमा स्वतन्त्र हुन्छन् । फेरि यस्ता प्रतियोगितामा बुद्धीको चयन हुन्छ भनेपनि परिणाम आजसम्म छर्लङ्ग छ, म त्यता जान चाहन्न । कुरा शरीरको । बुद्धधर्ममा शरीर गौण हुन्छ, यो त ध्यानभावना गर्ने र पुण्य कमाउने साधन मात्र हो भन्छन् योगीहरू । त्यसैले त शरीरलाई मासु हाडको थुप्रो अनि कुहिएर जाने देह भनेर याद दिलाइन्छ, अनि सँधै अनित्य अनित्य भनेर सम्झाइन्छ । जतिसुकै सुन्दर शरीर किन नहोस् समय आएपछि नचाउरिएको र अन्तमा खरानी भएर नगएको शरीर कस्को छ? अनि यस्तै शरीरको नुमाइस, त्यो पनि टाउकोले छोएर श्रद्धा गर्नुपर्ने पवित्र बुद्धभूमिमा? को कति कहाँ चुक्यो? आज सुन्दरी प्रतियोगिताको शुटिङ हुनसक्छ भने भोलि यहाँ रोमान्टिक फिल्म वा वयस्क फिल्मको पनि शुटिङ नहोला भनेर भन्न सकिन्न ।





यसबारे यस कार्यक्रममा आयोजकले मेसेज पठाएर सोध्नुभएको थियो – "यो प्रोग्रामले कसरी लुम्बिनीको मर्यादालाई गिराउने काम गरेको छ, कृपया बताउनु सक्नुहुन्छ?" भनेर । "हामी पनि नेपाली नागरिक नै हौं अनि हामीलाई नि थाहा छ के गर्दा ठिक र के गर्दा बेठिक । हामीले कुनै पनि त्यस्तो काम गरेको छैन जस्ले गर्दा लुम्बिनीको नाम बदनाम होस्" भन्ने उहाँको तर्क थियो । व्यक्तिगत आएका मेसेजको जवाफ दिनु आवश्यक ठानिनं र मेरो यसका आयोजकसँग कुनै गुनासो पनि छैन ।

हामी सबैको सरोकार भनेको लुम्बिनी हो र यसको विकास गर्ने जिम्मा लुम्बिनी विकास कोषको हो । तसर्थ प्रश्न पनि त्यतै तेर्सिन्छ । वर्षको छ करोड बजेट ल्याएर बुद्धजयन्ती मनाउन सक्ने कोषले के पैसै नभएर दस्तुर लिएर त्यहाँ सुन्दरी प्रतियोगिता गराएको थियो र भन्ने प्रश्न पहिलो हो । त्यस पछाडि यदि त्यहाँका अधिकृतले भनेको जस्तो त्यहाँ त्यस्तो कुनै अनुमति दिइएको छैन भने कसरी दिन दहाडै यस्तो कार्य गर्न सम्भव भयो भन्ने दोश्रो प्रश्न ठडिन्छ । अब कोषमा यसको कुनै रेकर्ड नभएको भए यो झन् रहस्यमय बनेको छ, अनि सिसि क्यामरामा पनि केही नदेखिएकै हो भने

यसमा को को जिम्मेवार हुनुपर्ने हो सबैले पहिल्यै नाम हाजिर गराए राम्रो ।

मैले सुन्दरी प्रतियोगिता भनेर लेख्दा समेत कोष त्यो नृत्य प्रतियोगिता होइन, सामान्य धार्मिक स्तोत्रपाठ र भक्तिपूर्ण प्रस्तुति होला भनेर आफ्नो जिम्माभित्रको अतिसंवेदनशील उद्यानमा त्यस्तो अञ्चलव्यापी भएको ग्ल्यामरस प्रतियोगिता भएको बारेमा अनभिज्ञता प्रस्तुत गर्नुलाई पनि सामान्य मान्न सकिन्न । अझ कृपया प्रमाण र आधार नलिई दोष लगाउनेबाट टाढा रहनुहोला भन्ने नम्र चेतावनीलाई के भन्ने?

तीनवटा कुरा– त्यो नृत्य प्रतियोगिता हो कि होइन भन्ने सवाल नै होइन, मैले सुन्दरी प्रतियोगिता भनेको थिएँ, त्यहाँ कोरियोग्राफ गरिएको एक चरणको प्रस्तुति थियो । त्यो अधिकृतले भनेको जस्तो धार्मिक स्तोत्रपाठ र भक्तिपूर्ण प्रस्तुति पक्कै थिएन (सुन्दरी प्रतियोगितालाई अहिलेसम्म धार्मिक प्रस्तुती कतै भनिएको छैन)। धार्मिक कृयाकलाप गर्न नेपालीहरूले नजानेपनि थाइल्याण्ड, बर्मा, क्याम्बोडियाजस्ता देशका महिलाहरू सेतो माथिदेखि तलसम्म छोपिने लुगा लगाएर आउने गरेको कोषका कर्मचारीहरूले देखेकै होलान् । दोश्रो, त्यहाँ के भएको थियो भनेर सिसि क्यामेराले किन देखेन? यदि त्यस्तो निगरानी गर्न नसक्ने (केही महिना अगाडि मात्र मानवअवशेष गाडेको प्रसंगलाई समेत जोडेर भन्दा) सिसि क्यामेराको अर्थ नै पनि के रह्यो र । तेश्रो, यस्तो झकिझकाउ कार्यक्रम भइसक्दा पनि, यसको अफिसियल भिडिओ नै युट्युबमा राखेको छ महिना बितिसक्दा र यसलाई हेर्नेहरू ८ हजार नाघिसक्दा पनि कोषले नभएको, नदेखेको, नथाहापाएको अझ आधारहिन आरोप लगाएको जस्तो वक्तव्य आउनु दुःखद् हो ।

अब लुम्बिनी विकासको पालो हो– कि यो सबै कपोलकल्पित हो, त्यस्तो कार्यक्रम त्यहाँ भएकै छैन भन्नुपर्‍यो, कि यस्तो गर्न, गराउन कोषको ऐन नियमले दिन्छ त्यसैले नियम दस्तुर लिएर गराएको भन्नुपर्‍यो, कि लुकेर छिपेर गरेको हो भन्नुपर्‍यो, कि भ्रष्टाचार भएको थियो, हामीमध्ये कतिले गल्ती गरेका थियौं भनेर स्वीकार गर्नुपर्‍यो ।

अन्तमा, कोषले अब यसउप्रान्त समस्त नेपालीहरूले बुद्ध नेपालमा जन्मेको भनेर गर्व गर्ने ठाउँ, विश्वका करोडौं बौद्धहरूको आस्थाको धरोहर, अनि सरकारले ने विश्वशान्तिको मुहान भनेर प्रचार गरिएको पवित्र बुद्धजन्मभूमिमा यस्तो अवांछनीय कृयाकलाप हुनेछैन, गराइने छैन भनेर जनतालाई विश्वस्त गराइनुको विकल्प छैन ।

(श्रोत : http://bodhitv.tv/article/180620a/)


## वृद्धाश्रमलाई सहयोग

**दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित बनेपाको बौद्ध वृद्धाश्रमलाई भौतिक पूर्वाधार, आश्रम संचालनार्थ कुनैपनि रुपमा श्रद्धालु दाताहरुबाट सहयोग गर्न सक्नुहुन्छ, यहाँहरुको आर्थिक सहयोगले मात्र आश्रमलाई निरन्तरता दिन सकिने भएकाले वृद्धाश्रम सहयोगको अपेक्षा राख्दछ ।**

**यसैक्रममा वृद्धाश्रमका लागि सहयोग गर्ने निम्न दाताहरुलाई वृद्धाश्रमको तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछ ।**

१) दिवंगत पिता भक्तलाल चित्रकारको पुण्यस्मृतिमा शिशिर चित्रकार, मैतीदेवीबाट रू. ५,०००। (पाँचहजार) ।

२) दिवंगत डा. कृष्णभगत प्रधानाङ्गको पुण्यस्मृतिमा श्रीमती प्रकाश प्रधानाङ्ग, कुलेश्वरबाट रू. ५,०००। (पाँचहजार) ।

३) प्रभा बादे, बनेपाबाट रू.३००० (भोजनः तीनहजार) ।

४) दिवंगतहरू केशरमान, चिलानी, प्रकाशमान तुलाधरको स्मृतिमा रवि तुलाधर, खुसिबुँबाट रू. ३००० (तीनहजार) ।

५) श्रीधर खनाल, बनेपाबाट रू. २३०० । (तेइससय)

६) प्रेमरत्न शाक्य, बनेपाबाट रू. २०००(दुईहजार) ।

७) धनबहादुर नकर्मी, ढल्कोबाट रू. १०००। (एकहजार)

८) दानमाया महर्जना, नःबहीबाट रू. १०००(हजार) ।

९) बेखारत्न शाक्यबाट रू. १०००। (एकहजार) ।

१०) भिक्षु शोभित महास्थविरबाट रू ५००। (पाँचसय) ।

११) रविना मानन्धर र रतिना श्रेष्ठ, बनेपााबाट रू. ५००। (पाँच सय) ।

**मैत्रीपूर्ण शुभेच्छासहित : आश्रमको सहयोगार्थ सबै महानुभावहरुले सम्पर्क गर्न सक्नुहुनेछ –**

**अध्यक्ष, भिक्षु कोण्डन्य**

**बौद्ध वृद्धाश्रम, बनेपा**

फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)

नगर सम्पर्क : बुद्धविहार भृकुटीमण्डप, फोनः ९८५१०४६१८८, ४२२६७०२

**सल्लाहकार : दैवज्ञराज कायस्थ, बनेपा**

**फोनः ९८४३०२०६४६**

# नेपालमा थेरवाद बुद्धशासनको प्रवर्द्धनमा अष्टांगिक मार्ग दर्शन



✍ कार्यपत्र भाष्यकार
डा. केशवमान शाक्य

**भूमिका**

नेपालमा बौद्ध परियत्ति शिक्षा प्रादुर्भाव भएको ५० वर्ष पुगेको उपलक्षमा बि.सं. २०७०–७१ सालभरि विभिन्न कार्यक्रम गरी स्वर्णजयन्ती मनाइएको थियो । यही सिलसिलामा एउटा धम्मदूत सम्मेलन गर्ने कार्यक्रम पनि तय गरिएकोमा केही कारणवश सम्मेलनस्तरको कार्यक्रम गर्न नसकिए तापनि नेपालमा थेरवाद बुद्धशासनको प्रवर्द्धनमा अष्टांगिक मार्ग दर्शन विषयमा एउटा धम्मदूत कार्यशाला गरियो । सो कार्यशालामा विभिन्न परियत्ति केन्द्रका १०० जना जति अगुवाहरू सहभागी थिए । ती सहभागीहरूलाई ८ समूहमा विभाजन गरी नेपालमा थेरवाद बुद्धशासन प्रवर्द्धनका क्रियाकलापहरूलाई ८ वटा विषयमा विभाजन गरी छलफल गरियो । सो ८ विषयहरूको नाम आर्य अष्टांगिक मार्गका आठ अंगहरूकै नाम राखियो । अर्थात् यस कार्यशालामा आर्यअष्टांगिकमार्गका आठ अंगहरूका भावना कसरी नेपालमा थेरवाद बुद्धशासनको प्रवर्द्धनमा प्रयोग गर्ने भन्ने उद्देश्य निहित थियो । कार्यशालामा छलफलको निष्कर्षमा नेपालमा थेरवाद बुद्धशासन प्रवर्द्धनमा अष्टांगिक ( आठ अंग भएको) मार्ग दर्शन तय गरियो ।

**आर्यअष्टांगिकमार्ग**

शाक्यमुनि भगवान् बुद्धले ३५ वर्षको उमेरमा वैशाख पूर्णिमाको रातमा बुद्धत्व प्राप्त गर्नुभयो । सात हप्तापछि वाराणसी नजिक सारनाथमा बसिरहेका आफ्नो पुराना सहयोगि पाँच भद्रवर्गीय ब्राह्मणहरूलाई भेट्न जानुभयो । ती ब्राम्हणहरूलाई भेटेर आषाढ पूर्णिमाको दिनमा सबैभन्दा पहिलो धर्मदेशना गर्नुभयो । सो धर्म देशनालाई धर्मचक्रप्रवर्तन सूत्र भनिन्छ अर्थात् सो धर्मदेशनाबाट नै धर्मचक्र घुमाउनुभयो अथवा बुद्धशासन प्रवर्द्धन गर्नुभयो । सो सूत्र अनुसार भगवान् बुद्धले सबैभन्दा पहिले चार आर्यसत्य र आर्यअष्टांगिकमार्गको देशना गर्नुभयो । आर्यअष्टांगिकमार्ग भन्नाले सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् ब्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि भन्ने बुझिन्छ । यस कार्यशालामा समूह विभाजन गरी छलफलमा जानुअघि आर्यअष्टांगिकमार्ग सूत्रको संक्षिप्त देशना पूज्य भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरले गर्नुभयो । यस कार्यपत्रमा ती आठवटा अंगहरूको भावनालाई थेरवाद बुद्धशासन प्रवर्द्धनसँग कसरी अर्थ लगाउने भन्ने बारे संक्षिप्त उदाहरणसहित समूह छलफलको लागि केही प्रश्नहरू पनि समावेश गरियो ।

**धम्मदूत**

सारनाथमा कपिलवस्तुदेखि साथमा आएका पाँच ब्राह्मणहरूलाई भिक्षु बनाएर भगवान बुद्ध वर्षाकालभरि बनारसमैं बस्नुभयो । सो अवधिमा यश कुमार र उनका साथीहरू गरी ५५ जनालाई भिक्षु बनाउनुभयो । वर्षाकाल सकेपछि आषाढ पूर्णिमाको दिन ती जम्मा भएका सबै ६० जना भिक्षुहरूलाई उहाँले धम्मदूतको रूपमा चारै दिशामा गएर बुद्धधर्म प्रचार गर्न पठाउनुभयो । धम्मदूतको रूपमा ती भिक्षुहरूलाई खटाउँदा भगवान् बुद्धले दिनुभएको उपदेश महावग्ग विनयपिटकमा यस्तो लेखिएको छ–

**चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय अत्थाय, हिताय, सुखाय देव मनुस्सानं मा एकेन द्वे अगमित्थ देसेथ भिक्खवे धम्मं आदिकल्याणं, मज्झेकल्याणं, परियोसान कल्याणं सअत्थं, सब्यञ्जनं, केवल परिपुण्णं परिसुद्धं, ब्रह्मचरियं पकासेथ** ......

पालि मूल ग्रन्थमा 'धम्मदूत' शब्द नपाइएता पनि खुद्दकनिकाय बुद्धवंशको मधुरत्थ विलासीनिअट्ठकथामा (भिक्षु डा. सुगन्ध महास्थविरको विश्वमा थाई धम्मदूत नाउँको कार्यपत्रमा उल्लेख भए अनुसार) धम्मदूत शब्द यसरी लेखिएको छ–

**करोन्ता धम्मदूतेय्यं सिक्खापदथ भिक्खवो**
**सन्ति अत्थाय सत्तानं सुब्बता वचनं मम**

यस्को अर्थ हो– "ओ भिक्षुहरू ! धम्मदूतको कार्य सम्पन्न गर्दा तिमीहरूले मैले सिकाएका वचनहरूको राम्रो पालना गरी सबै प्राणीहरूको शान्ति र सार्थकताको लागि धर्मप्रचार गर ।"

यस कार्यशालाको उद्देश्य भगवान बुद्धले आदेश गर्नुभएको धम्मदूतको कार्य र जिम्मेवारीलाई नेपालमा कसरी थेरवाद बुद्धशासनको प्रचारप्रसार र प्रवर्द्धनमा उतार्ने बारे छलफल गरी निस्कर्ष निकालियो ।

**सम्यक् दृष्टि (Right View)**

नेपालमा थेरवाद बुद्धशासन बारे सही दृष्टिकोण अथवा सम्यक् दृष्टि के हो? नेपालमा थेरवाद बुद्धशासनको पुनर्जागरण किन र कसरी भयो? थेरवाद बुद्धशासन पुनः देखा पर्ने बेलामा काठमाडौं उपत्यकामा शाक्य वज्राचार्यहरूले नेवार वज्रयान मानेर बसेकै थियो भने हिमाली भेगमा तिब्बती वज्रयान चलेकै थियो । तैपनि थेरवादको पुनर्जागरण किन भयो?

नेपालको प्राचीन इतिहास खोतल्दा ईस्वी नवौं शताब्दीसम्म नेपालमा थेरवाद बुद्धधर्म जीवित रहेको देखापर्छ । बुद्ध जीवित छँदै कपिलवस्तुमा विडुढभको नरसंहारबाट बच्न भागेर आएका बुद्धकै आफन्तहरू नेपाल खाल्डोमा आएको कुरा मूलसर्वास्तिवाद विनयसूत्रमा वर्णन छ । सम्राट अशोकले आफ्नै छोरी चारूमतिलाई धम्मदूत बनाई पठाएको कुरा हालको चाबहिल विहारको इतिहास प्रमाण छ । अंशुवर्माको समयमा चिनिया यात्री भिक्षु ह्वेनसाँगले थेरवाद र महायान दुबै निकायका गरी २००० भिक्षुहरू रहेको वर्णन गरेको छ । राष्ट्रिय अभिलेखालयमा राखेको ईस्वी नवौं शताब्दीको शुरूमा पालि भाषामा लेखिएको विनयपिटकको पत्रहरूले त्यसबेलासम्म थेरवाद जीवित रहेको प्रमाण दिन्छ । नवौं शताब्दीपछि नेपालबाट बुद्धधर्म जीवित नरहेको अनुमान गरिन्छ ।

ईस्वी चौथो शताब्दीको अन्ततिर लिच्छवि राजा बृषदेवको पालामा नेपाल खाल्डोमा वज्रयान फस्तायो र राजकीयधर्म भयो । त्यसै बेला स्वयम्भू र बौद्ध स्तुपहरू निर्माण भए । छैठौं शताब्दीमा ८४ सिद्धहरूको उदयबाट तन्त्रमन्त्रको विकास भई वज्रयान शक्तिशाली भयो । नालन्दा र विक्रमशील बौद्ध विश्वविद्यालयहरूबाट शान्तरक्षित, पद्मसंभव र कमलशील जस्ता वरिष्ठ आचार्यहरू नेपाल आउने र तिब्बत जाने गर्न थाले ।

तेऱ्हौं शताब्दीको अन्ततिर भारतमा मुसलमानहरूको आक्रमणमा परी नालन्दा विश्वविद्यालय ध्वस्त भए । चौधौं शताब्दीमा राजा जयस्थिति मल्लले हिन्दूवर्णाश्रम अनुसार जातप्रथा लागू गरी बौद्ध भिक्षुत्व ग्रहण गरी विहारमा धार्मिक जीवनयापन गर्ने अधिकार शाक्य र वज्राचार्यमा मात्र सीमित गरे । पछि शाहकालमा राणा शासकहरूले आफ्ना दरवारहरू बनाउन विहारका जग्गा जमीन हड्पेपछि शाक्य वज्राचार्य पनि कमजोर भए र धेरै हदसम्म हिन्दूकरणको शिकार भए । राजा महेन्द्रले भूमिसुधार लागू गरी मोहियानी हक दिलाएपछि विहारका गुठीहरूको जग्गा सबै तहलसिं र मोहिमा आधाआधा बाँडेर नीजिसम्पति बनेपछि नेपालको वज्रयानको आधार पूर्णतया ध्वस्त भए ।

बिसौं शताब्दीको शुरूमा तिब्बतमा ब्यापार गर्ने उराय साहुहरू कलकत्तामा कोठीहरू सञ्चालन गर्ने शिलशिलामा अनगारिक धम्मपालले स्थापना गरेको महाबोधि सोसाइटिको सम्पर्कमा आए । ईस्वी १९२१ मा अनगारिका धम्मपालको संगतमा लागेर कलकत्तामा पढ्न गएका पाटनका एक शाक्य युवा जगत मान वैद्य धर्मादित्य धर्माचार्य नाउँले अनगारिक भए । ईस्वी १९२३ मा काठमाडौंमा थेरवाद बुद्धधर्म प्रचारप्रसार गर्न बुद्धोपासक संघ नाउँले एउटा संस्था खोले । ईस्वी १९२५ मा बुद्ध पूर्णिमाको उपलक्षमा 'बुद्धधर्म' नामको नेपाल भाषामा एउटा पत्रिका प्रकाशन गरे । ईस्वी १९२६ मा नेपालमा पहिलोपल्ट बुद्धजयन्ती मनाए । ईस्वी १९२८ मा कलकत्तामा


**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।**

**सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।**

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

**नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर**

नेपालीहरूलाई भेला गराई बौद्ध सम्मेलनको आयोजना गरे ।

ईस्वी १९२५ मा क्यान्छे लामा एक तिब्बती भिक्षु साढेचार वर्ष लगाएर जमीनमा शरीर घिसार्दै स्वयम्भूको दर्शन गर्न आइपुगे । उहाँले स्वयम्भूमा तिब्बती भाषामा धर्मदेशना गर्नथाले र एक जनाले तिब्बतीबाट नेपाल भाषामा अनुवाद गरी सुनाउँदथे । लामाको धर्मदेशना सुन्न काठमाडौंका नेवार बौद्धहरू ठूलो संख्यामा भेला हुनथाले । नेवार वज्रयानका पुरोहित वज्राचार्य गुरूजुहरू आफ्ना उराय जजमानहरू एकजना लामा भिक्षुकहाँ हुल बाँढ्न गएको देखेर ईर्ष्या र रीस गर्न थाले । ती गुरूजुहरूले उरायहरू विरूद्ध राणा प्रधानमंत्री कहाँ भोटेको हातबाट भात खाएको हुनाले उनीहरूलाई जात घटुवा गराई पाउँ भनी उजुरी हाले । वज्राचार्य गुरूजुहरूले उरायहरूले पकाएको भात खान छाडे । यसले वज्राचार्य र उरायबीच ठूलो द्वन्द मच्चियो । केही उरायहरूले यी वज्राचार्य गुरूजुहरूको अत्याचारबाट मुक्त हुन वज्रयानको विकल्पमा थेरवाद बुद्धधर्मको प्रचारप्रसार गर्न थाले । यस कार्यमा चित्तधर हृदयसहित १२ जना उराय नेताहरूलाई जेल पनि हाले ।

ईस्वी १९२६ मा यस घटनाबाट प्रभावित भई नेपालमा बुद्धधर्ममा आन्दोलन गर्ने उदेश्यले आफ्नो घरबार छोडी पाँचजना नेवार युवाहरू एक जना छिरिंग नोर्बु नामको लामाबाट भिक्षु भए । ती पाँचजना भिक्षुहरूमा अगुवाई गर्नेमा हिन्दू परिवारका नानीकाजी श्रेष्ठ महाप्रज्ञा भए भने अन्यमा एक जना मानन्धर र तीनजना शाक्य परिवारका थिए । त्यसबेला नेवार समुदायमा जयस्थिति मल्लको पालादेखि शाक्य र वज्राचार्यले मात्र चार दिन भिक्षु बन्ने (बरे छुइगु) अधिकार रहेकोमा श्रेष्ठ र मानन्धर परिवारबाट पनि भिक्षु बनेको घटनाले वज्राचार्य गुरूजुहरूले राणा प्रधानमंत्रीकहाँ हिन्दूहरूलाई धर्मपरिवर्तन गरेको भन्ने मुद्दा लगाई ती भिक्षुहरूलाई देश निकाला गरे । ती भिक्षुहरू तिब्बत गए, तर त्यहाँ तिनीहरूको शिक्षादीक्षा र बस्ने बन्दोबस्त राम्रो हुनसकेन ।

ईस्वी १९२८ मा महाप्रज्ञा तिब्बतमा भेटेका एक उराय युवा ब्यापारी कुलमानसिंह बनियाँ साथ लिई भारतको कुशीनगर पुगेर भिक्षु ऊ. चन्द्रमणीबाट महाप्रज्ञा र प्रज्ञानन्दको नाउँले थेरवाद भिक्षुमा प्रव्रजित भए । इस्वी १९३० मा नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरणको शंखघोषको रूपमा थेरवादी चीवरवस्त्र लगाएका भिक्षु प्रज्ञानन्दले काठमाडौं शहरभित्र सार्वजनिक रूपमा भिक्षाटन गर्नुभयो । यसबेला पनि धेरै उपासकहरूलाई सरकारले समातेर जेल हाले । भिक्षु प्रज्ञानन्दले पछि तीनजना उपासिका र अरू युवाहरूलाई कुशीनगरमा लिएर गई अनगारिका र भिक्षु बनाए । तिनीहरू देश फर्कँदा कोही जेल परे कोही देश निकाला भए । तीमध्ये एक जना तानसेनका युवा भिक्षु अमृतानन्द श्रीलंकामा अध्ययन गर्नपुगे र नेपाल फर्केर थेरवाद बुद्धशासनको प्रवर्द्धनमा तीब्रता ल्याए ।

हाल नेपालमा ५०० भन्दा बढी भिक्षु श्रामणेर र अनागारिकाहरू छन् । तिनीहरू नेवार समुदायका सबै जातथरका छन् । ब्राह्मण, ठकुरी, खसक्षेत्री, मगर, थारू, तामांग, गुरूंग, दलित सबै परिवारका छन् । १०० भन्दा बढी ठूलो संख्यामा विहारहरू छन् । ईस्वी २०११ को जनगनणामा २५ लाखले आफ्नो धर्म बौद्ध लेखाएका छन् । त्यस्मा १५ लाख जति हिमाली/तिब्बती लामा वज्रयानबाट प्रभावित छन् भने २ लाख जति नेवार वज्रयानी होला र बाँकी ८ लाख (४ लाख मगर, २ लाख नेवार, १ लाख थारू र १ लाख अन्य) थेरवादको सम्पर्कमा रहेका हुन् भन्ने अनुमान लगाउन सकिन्छ ।

**सम्यक् संकल्प (Right Mission)**

संकल्पको सामान्य अर्थ दृढविश्वास अथवा प्रतिवद्धता हो । नेपालमा थेरवाद बुद्धशासन फैलाउन र सशक्त बनाउन के कस्तो संकल्प गर्नुपर्ने हुन्छ? थेरवाद बुद्धशासनप्रति कसरी प्रतिवद्ध हुन सकिन्छ? धर्मप्रति ब्यक्तिगत श्रद्धा मात्र भएर पुग्दैन, संगठित प्रतिवद्धता चाहिन्छ । बुद्धधर्म संघबद्ध भएर अपनाउने धर्म हो ।

ईस्वी १९४० मा नेपालमा राणाशासन विरोधी राजनीतिक गतिविधि बढ्न थाले भने त्यसलाई दबाउन ईस्वी १९४२ मा गंगालाल, दशरथ चन्द, धर्मभक्त, शुक्रराजलाई फाँसि दिए । थेरवादी भिक्षुहरूलाई पनि राणाहरूले शंका गर्दथे र ईस्वी १९४४ मा सार्वजनिक स्थलमा धर्मदेशना गरेको आरोपमा पक्रेर फेरी देश निकाला गरे । भारतमा निर्वासित भिक्षुहरूले 'धर्मोदय सभा' नाउँको बौद्ध संगठन खडा गरे । सो संगठन मार्फत् भिक्षुहरूलाई देशनिकाला गरेको बारे अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गर्न थाले । यो संगठनको प्रयासमा ईस्वी १९४६ मा श्रीलंकाबाट भिक्षु नारदको नेतृत्वमा आएको सद्भावना टोली राणा प्रधानमंत्री पद्म शमसेरलाई भेटेर नेपाली भिक्षुहरूलाई नेपाल भित्र आएर थेरवाद धर्म प्रचारप्रसार गर्ने अनुमति दिलाए । पछि आनन्दकुटी विहारमा श्रीलंका चैत्य निर्माण गरे र त्यहाँ बोधिवृक्षको हांगा पनि रोपियो । मोहन शमसेरको पालामा बुद्धजयन्तीमा सरकारी विदा पनि दिलाए । ईस्वी १९५१ मा राणाशासन गएपछि धर्मोदय सभाले नेपाल भित्रै खुल्ला गतिविधि गर्न थाले ।

नेपालमा थेरवाद बुद्धधर्मको पुनरर्जागरणमा महत्वपूर्ण भूमिका खेल्ने अर्को एउटा संगठन ज्ञानमाला भजन खलः हो । ईस्वी १९३७ मा स्वयम्भूमा भजन गर्न शुरू गरेको समूहले ईस्वी १९३९ मा भजन संकलन गरेर 'ज्ञानमाला' नाउँको एउटा पुस्तक छापेर ज्ञानमाला भजन खलः नामले संगठन खडा गरे । बुद्धधर्मको प्रचारप्रसार गर्न सार्वजनिक स्थलमा यो संगठनले भजन गाएर मानिसहरू भेला गर्न थालेकोले राणा सरकारले राजनीति गरेको शंकामा ईस्वी १९४८ मा १५० जना सदस्यहरू पकडे ।

ईस्वी १९५१ मा भिक्षु अमृतानन्दको नेतृत्वमा अखिल नेपाल भिक्षु महासंघ संगठित भयो । यो संगठन स्थापना हुँदा नेपालमा जम्मा २५ जना भिक्षु र श्रामणेरहरू र ३० जना अनगारिकाहरू (भिक्षुणी ?) थिए भने २/४ वटा विहारहरू मात्र स्थापना भएका थिए । ईस्वी २०१४ मा प्रकाशित थेरवाद डायरीमा ५०० भन्दा बढी भिक्षु, श्रामणेर र अनगारिकाहरू विद्यमान छन् । हाल १०० भन्दा बढी साना ठूला भन्ते र गुरूमाँहरू बस्ने विहारहरू छन् । सयौं संख्यामा श्रीलंका, बर्मा र थाईलायण्डमा बुद्धधर्म अध्ययन गरिरहेका छन् । शुरूमा काठमाडौं उपत्यकाका नेवारहरू र तानसेन, भोजपुर, चैनपुरका शाक्यहरूबाट मात्र भिक्षु र अनगारिकामा प्रवजित थिए । हाल काठमाडौं उपत्यकाका ज्यापुहरू धेरै संख्यामा प्रवजित भएका छन् भने मगर, थारू, तामांग, गुरूंग आदिवासी समुदायबाट पनि प्रवजित भएकाहरूको संख्या उल्लेखनीय छ । ब्राह्मण, क्षेत्री, ठकुरी समुदायबाट पनि प्रवजित भएका छन् ।

हाल थेरवाद बौद्ध संघसंस्थाहरूको संख्या धेरै छ । महिला बौद्ध संघ, युवा बौद्ध संघहरू पनि धेरै छन् । मगर बौद्ध सेवा समिति मगर समुदायमा बौद्ध गतिविधि गर्ने महत्वपूर्ण संगठन हो । नेपाल बौद्ध परियत्ति शिक्षा र लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तरर्गत थेरवाद बुद्धिष्ट एकेदमिले पनि गुणस्तरयुक्त बौद्ध श्रोत ब्यक्तिहरू तयार पार्नमा अहम् भूमिका खेलेका छन् । विपश्यना केन्द्रहरूले पनि हजारौं इच्छुक जनतालाई ध्यानमार्फत् थेरवाद बुद्धधर्मप्रति आकर्षित गरेका छन् ।

**सम्यक् वचन (Right Communication)**

सम्यक् वचन भनेको ठीक वचन हो भने भूठो बोल्नु, चुग्ली गर्नु, कडा बोल्नु र ब्यर्थको कुरा गर्नु मिथ्या वचन हुन् । थेरवाद बुद्धर्मको सही सन्देशलाई जनतासामू कसरी पुऱ्याउने भन्ने कुरा नेपालमा थेरवाद बुद्धशासन प्रवर्द्धनको लागि महत्वपूर्ण कुरा हो ।

प्रारम्भिक कालमा ज्ञानमाला भजन गाउने कार्यले धेरैलाई बुद्धधर्मप्रति आकर्षित गरे भने नेपालमा थेरवाद बुद्धशासन प्रवर्द्धनमा भिक्षु र गुरूमाँहरूबाट हुने सार्वजनिक धर्मदेशनाको महत्व र प्रभावकारिता सर्वाधिक छ । शुरूमा भिक्षु अमृतानन्दले स्वयम्भूमा गर्नुभएको धर्मदेशनाले थेरवाद बुद्ध धर्मप्रति ठूलो आकर्षण पैदा भएको थियो । पछि ज्ञानमाला भजन खलःले उपत्यकाका पुराना बहाबहीमा हरेक हप्तामा आयोजना हुने बुद्धपूजामा पनि धर्मदेशना महत्वपूर्ण अंश थियो । भिक्षु अश्वघोषको नेतृत्वमा युवक बौद्ध परिषद्को आयोजनामा टोलटोलमा हुने सांफको धार्मिक बहसमा पनि सयौं बुद्धिजीवि र युवाहरू आकर्षित भएका थिए । केही वर्ष अगाडिसम्म युवा बौद्ध समूहले मगर, थारू र अन्य जनजाति समुदायमा संचालन गरेको बौद्ध जागरण शिविरले पनि धेरै प्रभावकारी प्रचारप्रसारको कार्य गरेको थियो ।

विहारहरू स्थापना हुन थालेपछि ती विहारहरूमा आउने उपासक उपासिकाहरूलाई वितरण गर्न विद्वान भन्ते र गुरूमाँहरूले बुद्धधर्मका विविध विषयमा पुस्तक पुस्तिकाहरू लेख्न थाले । ती पुस्तकहरूबाट मूल ग्रन्थ त्रिपिटकका सूत्र, विनय र अभिधर्मका अंशहरू नेपालभाषा र नेपालीमा अनुवाद भएर पढ्ने अवसर प्राप्त हुनलागे । हालसम्ममा यस्ता पुस्तकहरू हजारौं लेखिएर वितरण भैसके । आनन्दकुटी विहार गुठीबाट प्रकाशित भिक्षु अमृतानन्दले लेख्नुभएको बुद्धकालीन ग्रन्थहरूले ठूलो भूमिका खेलेका थिए भने हाल पाटनमा दुण्डबहादुर वज्राचार्यले अनुवाद गरेका त्रिपिटक ग्रन्थहरूले ब्यापक र दूरगामि महत्वको भूमिका खेलेका छन् । तर राम्रा बौद्ध पुस्तकालयहरूको अभाव अफै छ भने पुस्तक पसलको पनि अभाव छ ।

धर्मादित्य धर्माचार्यले ईस्वी १९२५ मै नेपाल भाषामा पहिलो बौद्ध पत्रिका प्रकाशन गरेका थिए । पछि धर्मोदय सभाले 'धर्मोदय' पत्रिका प्रकाशन गरे, तर सो पत्रिका धेरै वर्ष देखि प्रकाशनमा छैन । आनन्दकुटी विहार, स्वय्म्भूबाट प्रकाशित 'आनन्दभूमि' मासिक आजपर्यन्त नियमित प्रकाशनमा छ । संचार जगतले धेरै प्रगति गरिसके । पुस्तक, पत्रपत्रिकाबाहेक रेडियो, टेलिभिजन, इन्तरनेट, भिडियोहरू थेरवाद बुद्धधर्म प्रचारप्रसार गर्ने अनिवार्य माध्यम हुन् । बौद्ध संघसंस्था र शिक्षण संस्थाहरूले गोष्ठी, सेमिनार, सम्मेलन गरेर बुद्धिजीविहरूलाई थेरवाद बुद्धधर्ममा विविध विषय वस्तुमा विचारविमर्श पनि गरिन्छ । उच्चस्तरको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने वा सहभागी हुनजाने पनि सम्यक् वचनकै कार्यहरु हुन् ।

*क्रमशः*

# बोधिमाला



– लाभरत्न तुलाधर,
labharatna@gmail.com

## बोधिमाला–१

दु:खं आकुल व्याकुल जुइका:
विहार दुने आ: वनेगु गथे
समुदर दथुसं ल: त्वने मखना
कथु गंका: च्वनेमाल थथे

ख:, उबले जिं लिफ: मसोसे
थ:थिति सकलें लोमंका:
थ: हे सर्वय्सर्वा भा:पा:
हितैषिपिं पासा तंका
सुख बीगु खना: मुना संपतिं
मसिल थ:त हे नुनिगु थथे

इलं लातले चेत मवल, थौं
निभा: बीगु बैंसय् थ्यंका:
धर्म प्राणपिं मित्रपिसं अझ
स:ताच्वन मतिनां क्यंका:
शरणय् कैब्यु जि बिन्ति, अभागि
धर्म पुखूस दुनेब्यु थथें

## बोधिमाला–२

त्रास व चिन्तां शापित जुइका:
सदां उथें कुबुया च्वनेला
तनमन याउँका: फय्थें ब्वाय्त
संगीतामृत त्वने छख्वला

ख:, ल्वगि सकलें, रोग अतृप्ती
वास: तृष्णा याय्गु निषेध
चि-लखं झं जक प्या:चा: तच्वइ
त्वनेमा: अमरित स्वच्छ विशेष

चिकनं फोचाय्धुंगु इता:थें
मन झ्ः चाय्केनु ज्ञां-चिकनं
प्रज्ञाया मत नुगलय् थितकि
मार-फसं सी मखुत हनं

# प्यंगू करोडया टहरा व राज्यया मिखाय् स्वांयापुन्हि

✍ **राजमाया पुतुवार**

नेपाःया बौद्धतय्सं बुद्धया जन्म, सम्बोधि ज्ञानप्राप्त जूगु व निर्वाणपद लाःगु बुद्धजयन्ती अर्थात् स्वांया पुन्हि हनावयाच्वंगु आः मखु । अले उलि जक यानां मगात, बुद्ध जन्मभूमिइ थ्व स्वया तःधंगु कथं बुद्धजयन्ती हनेमाल धइगु माग वःगुकथं जुजु त्रिभुवनयात आनन्दकुटी विहारय् प्रमुख अतिथि दयेकाः हे ज्याइव यायेगु परम्परा न्ह्यात । थुलि यायेवं नेपालय् बुद्धधर्मया विकास जुल, आः राजकीय संरक्षण जुल धकाः लय्ताःपिं नं दत ।

भीत लुमं न्हिछि स्वयम्भुइ भीडभाड जुयाच्वनी । सुथंनिसें थेरवादीत, महायानीत अले भी नेवाः वज्रयानीत अन मुनाच्वनी, थःथःगु कथं भगवान् बुद्धयात श्रद्धा तयाच्वनी । अले न्हिनय् जुजुया सबारी जुइगु ई त्यलकि अन छकलं पुलिसं अथे थथे यायेधुंकी, उखेच्वंपिं थुखे वनेमदु, थुखेच्वंपिं उखे वनेमदु जुइ । मनूतय् बिचल्ली जुइ । अथेसां भी बौद्ध भिक्षुपिं अले बुद्धधर्मया प्रचारप्रसारया जिम्मा कयाच्वंगु संघसंस्थाया नायःत फुरूङ्ग जुइ । भीत माःगु थ्व हे खः, छकः छन्हुसां राष्ट्राध्यक्षयात स्वयम्भुया बौद्धतय्गु सभाय् प्रमुख अतिथि धकाः □यतुकेखन धकाः । न व जुजुं पञ्चशील काइ, न त गबलें बुद्धशिक्षाप्रति आस्था क्यनी, नत स्यनावनाच्वंगु बौद्धस्मारकत ल्ह्वनेत निगःप्यंगः ध्यबा हे राज्यया धुकुतिं लिकयाः बिइगु बचं हे बिइ । भीत फुसुलुं यानाथकी, अथेसां भी किसिन्हाय् ।

युद्धकालय् थथे राजनीतिक व्यक्तित नापलाइगु जुयाः थज्याःगु बुद्धजयन्तीया ज्याइवःया विशेष महत्व दइगु लुमं । मेबलय् नापमलाइपिं नेतात छगू हे मञ्चय् च्वनेगु ह्वःताः हे जक जुइ थज्याःगु पवित्र दिंया समारोह नं । अले उमिसं पालंपाः धयावनी, बुद्धया जन्मभूमिइ युद्धयानाच्वने मल्वः, बुद्धया शान्तिया सन्देश लुमंके । अले कन्हय्निसें न्हियान्हिथं दर्जनौं लासत गामय् इवःलिक्क ग्वतुइकाताःगु खनी । अज्याःगु ज्याइवलय् ग्वाः ग्वाः पत्रकारत ला थ्यनी, तर उमिगु ध्यान बुद्धजयन्ती समारोहलय् मखु नेतातय्गु भासनय् जक केन्द्रित जुइ । थज्याःगु दिन नं भीसं स्वया ।

**आः बुद्ध जयन्तीबलय् थः हे प्रधानमन्त्री जुइगु अले अन थः हे वनेमालीगु अवस्था वसेंलि थःगु इज्जत जोगेयायेत जक हे अन अज्याःगु प्यंगू करोड वंगु टहरा दयेकेगु निर्देशन जूगु खः ।**

थुकथं हे नेपाःलय् हे बुम्ह भगवान बुद्धयात लुमंकेगु बुद्धजयन्तीकुन्हु राज्यं क्रमिक रूपं यक्व हे रूची क्यनाहःसां, अन्तर्राष्ट्रिय ख्यलय् नेपाःया सरकारं बुद्धधर्मयात उचित आदर बिउगु व बौद्धतय्गु हक हितया लागि यक्व ज्या यानाच्वंगु दु धइगु सन्देश बिइगु न्ह्याक्व कुतः याःसां थथे जुयाच्वंगु धाःसा मदु । ४७ सालय् संविधानय् धर्मनिरपेक्षता तयेमाः धकाः याःगु आन्दोलन भीसं ल्वःमंकागु मदुनि । अथेसां नेपाःया बौद्धतय्सं राज्यय् च्वनीपिन्त यःगु धर्मयाततिं सम्मान व थाय् कायेखंगु मखुनि । अक्ष अन्तरिम संविधानय् धर्मनिरपेक्ष धकाः च्वयेधुंकूगु हे आः वयाः सनातन धर्मयात जक विशेष संरक्षण जुइकथंया व्याख्या जूवंगु दु । थुलि जुयाः नं भी बौद्धतय्सं थ्व वाः चायेकाच्वनागु मदुनि, अथवा वाः चाःसां उकिया प्रत्युत्तरय् छुं कथंया योजना तकं दयेकाच्वनागु मदुनि । भीत थुकथं करपिनिगु न्ह्यःने ब्वसा जक दयेकाः राज्यं बौद्धतय्गु नामय् देय्या धुकुतिइ हमला यानाच्वंगु दक्वं भीत स्वीकार्य जुयाच्वंगु दु ।

नेपाःया च्वय् च्वय्लाःगु तहया नेताद दक्व हे हिन्दुधर्मावलम्बीत जक जुयाच्वनी, थ्व खँ धयाच्वनेम्वाः । समाजवाद धयादिसँ, साम्यवाद दयादिसँ, उमिसं धर्मयात अफिम अफिम धकाः न्ह्याक्व भासन याःसां वैदिक धर्मप्रति उमिगु आस्था इलय् ब्यलय् सञ्चार माध्यमं क्यनाहे च्वंगु दु । गुम्ह मनू प्रधानमन्त्रीया पद ग्रहण यायेत हाकुम्ह दुगुचा बलि बियाः जक वनी, उम्हस्यां बुद्धधर्मया ज्याइवलय् वयाः बुद्धधर्मया महत्व कंवयेगु धइगु समाजयात न्हिइकेत जक जुइ ।

आः नं थज्याःगु अवस्थाय् भ्याः भचा हे परिवर्तन मवःनि । निदँ न्हयः तिनि सरकारं सन् २०१६ य् अन्तर्राष्ट्रिय रूपय् लुम्बिनीइ २८ देयय्या मनूत सहभागी यानाः यँया लुम्बिनी व लुम्बिनीइ यानाः बुद्धजयन्ती हन, उकियात भव्य सफलता धाल । सात करोड खर्च जूगु धकाः बय्बय् यानाताःगु उगु सम्मेलनया उपलब्धि छु जुल धकाः नेपाःया गुगुं बौद्ध संघसंस्थां न्यंगु, अले सरकारं लिसः बिउगु न्यनेगु सौभाग्य चूलाःगु मदुनि । सरकारया निर्तिं अज्याःगु अवसर धइगु बुद्धया नामय् थुलि ध्यबा खर्च याना उलि ध्यबा खर्च याना धकाः कनेगु अले थः पार्टीया कार्यकर्तातय्गु खल्तिइ ध्यबा प्वंकेगु बाहेक मेगु छुं जूगु खनेमदुनि ।

वथेंतुं थुगुसिइ नं सरकारं खुगू करोड ध्यबा □याःगु लुम्बिनीइ बुद्धजयन्ती हनेत । न्यनेबलय् ला तसकं हे बांलाःगु

ज्या थेंच्वं । उलिमछि ध्यबा फुकाः सरकार थम्हं हे तःजिक बुद्धजयन्ती हनेत्यंगु धइगु खँ न्यनाः देसय् दक्व बौद्धत लय्ताइगु स्वाभाविक खः । थ्व खँ विश्वलय् तकं बय्बय् जुइगु जुल, नेपाः सरकार बुद्धधर्म व बौद्ध जनताया मन तयेत हे जूसां बुद्धया दर्शनया गाम्भीर्ययात नालाकयाः थज्याःगु ज्या याःगु धकाः तायेकीगु जुल । तर यथार्थ मेगु हे दु ।

थुगुसिइ बुद्धजयन्ती समारोहया लागि धकाः सरकारं खुगू करोड ध्यबा ला यात तर सुयाकें मन्यसे उकिया प्यंगू करोड ध्यबा सेनायात बिउगु खः । सेनाया ज्या धइगु अन छगू तःधंगु टहरा जक खः । स्वद्वः मनूत न्ह्यंगु टहरा धाःसा थुगुसिइ छकःयात जक ज्या वइ । न्ह्याबलेंयात धकाः दयेकूगु नं मखु व, न त आः ज्या सिधयेकाः लिकानाः हानं मेमेबलय् यात हे ज्या वइ । प्यकुंलाःगु डण्डी जक वेल्डिङ यानाः अले पिनें जिप्सम (पसःया डेकोरेशन यायेबलय् छ्यलीगु भिनेस्ता थज्याःगु धू धू वइगु बोर्ड) तयाः दयेकाच्वंगु व टहरा थुगुसिइ नं नगुने थें वा फय् वल धाःसा थेगेयायेफइमफइ धइगु हे न्ह्यसः दु । अले ज्याइवः सिधयेकाः कवाडीयात मियाछ्वयेगु बाहेक हानं लिपा ज्याकाये फइगु अवस्थाया मदु ।

**दछितक बुद्धधर्मयात बेवास्ता याइपिन्सं बौद्धदर्शनया छगः आखः तकं मनन मयाइपिन्सं अले बौद्धतय्त नेपाली हे मखु धइकथं व्यवहार याइपिन्सं दछिया छकः म्व ह्वलेथें दां ह्वलाः नखः हनाया छुं हे मतलब मदु ।**

छाय् माल प्यंगू करोड वंगु टहरा ? लुम्बिनी धइगु बुद्धया जन्मभूमि धकाः नां दंसां अन मनूतय्त माःगु सामान्य आधारभूत स्वास्थ्य सेवा तकं मदु । अथे अत्यावश्यक स्वास्थ्य केन्द्र दूगु जूसा लुम्बिनी बौद्ध विश्वविद्यालययाम्ह डीन डा. भद्ररत्न वज्राचार्य अथेभनं याकनं मदयेम्वाःलीगु जुइ । उकिं अन आःया निंतिं माःगु धइगु छगू अस्पताल खः । सामान्य मनूतय्सं सिउ, प्यंगू करोड दां दुसा अन छगू व्यवस्थित चिकीधंगु स्थायी अस्पताल बनेजुइ । तर नेपालसा सरकारं बुद्धजयन्ती हे ल्यल अन फिइ लः ह्वलेथें ज्याःगु टहरा दयेकेत । छाय् ? यक्वस्यां सिउ नगुने अन थज्याःगु हे बुद्धजयन्ती समारोह जुयाच्वंबलय् वाफय् वयाः यक्व हन्ताः जुल । अव्यवस्थाया द्यःने मनूत वाच्यावाच्या द्वावाच्याद्वाच्या यानाः समारोहलय् ब्वति काल । अबलय् नं व हे केपि ओली प्रधानमन्त्री । वय्कलं छु जोशय् जुइ, आः याकनं हे अन छगू पक्की सभा गृह दयेकेगु धकाः घोषणा यानाबिल । अबलय् तक वं अन अन्तर्राष्ट्रिय गुरूयोजना दु अले अथे न्ह्याःन्ह्याःथाय् लाःलाःगु दयेकेमजिउ धकाः नं मसिउ जुइ वं । धयाबिल, दँ फुत । आः बुद्धजयन्तीबलय् थः हे प्रधानमन्त्री जुइगु अले अन थः हे वनेमालीगु अवस्था वसेंलि थःगु इज्जत जोगेयायेत जक हे अन अज्याःगु प्यंगू करोड वंगु टहरा दयेकेगु निर्देशन जूगु खः । मखुसा लुम्बिनी धइगु विश्वया हे बौद्धत शान्त जुयाः पुलिं चुइत अले ध्यान यायेत वइगु थासय् स्वद्वः मनूत मुनेगु कथंया होहल्लाबाजी जुइगु ज्याइवःया कल्पना तकं सुनां याःगु दइमखु । पुवंकां पुवंके मफयाच्वंगु जापानी आर्किटेक्ट केन्जो तान्गेया गुरूयोजना ला अज्याःगु जुइफइ हे मखु ।

**भीत थुकथं करपिनिगु न्ह्यःने ब्वसा जक दयेकाः राज्यं बौद्धतय्गु नामय् देय्या धुकुतिइ हमला यानाच्वंगु दक्वं भीत स्वीकार्य जुयाच्वंगु दु ।**

राज्यं छुं नं निर्माण कार्य याकेत छगू निश्चित प्रक्रिया पुवंकेमाः । तर थन अज्याःगु छुं मयासे उगु टहरा छाय् सेनायात हे तप्यंक बिइमाल धइगु न्ह्यसः ब्वलंगु दु । उकिया कारण सरकारया सेनायात लय्तायेके मालाच्वंगु दु । न्ह्याथेयानाःसां सेनाया खल्तिइ ध्यबा थ्यंकेमालाच्वंगु इलय् सरकारं बेवाकय् प्यंगू करोडया चिट्ठा सेनाया नामय् चायेकाबिउगु जक खः थ्व । आः न अन टेण्डरया खँ वल, न घटाघटया खँ वल, नत गुणस्तरया हे खँ वल । कन्हय् बछि ध्यबा खल्तिइ तल धाःसां अख्तियारया ल्हाः सेनां दयेकूगु टहराय् गुलि भ्रष्टाचार जुल धकाः ज्वनेत वनेफइमखु । थुलिमछि फाइदा दइगु जुयाः हे सेनाया ल्हातिइ थ्व टहरा दयेकेगु जिम्मेवारी वंगु खः ।

टहरा ला दत आः अन स्वद्वः मनूत गनं हयाः जायेकी धइगु खँ ल्यं हे दनि । न पार्टीया कार्यकर्ता यंकी, न स्वनिगः अले मेमेगु हिमाली जिल्लाया बौद्धतय्त यंकी, न अनया स्थानीय मनूतय्त हे बौद्धत धकाः यतुकी ।

न्ह्यागु न्ह्याथे जूसां थ्व ज्याइवःया औचित्य धइगु हे छु धइगु तःधंगु न्ह्यसः दन । दछितक बुद्धधर्मयात बेवास्ता याइपिन्सं बौद्धदर्शनया छगः आखः तकं मनन मयाइपिन्सं अले बौद्धतय्त नेपाली हे मखु धइकथं व्यवहार याइपिन्सं दछिया छकः म्व ह्वलेथें दां ह्वलाः नखः हनाया छुं हे मतलब मदु । न अन धाथेंपिं बौद्धतय्त सःतातःगु खः, न वंसां उचीत सत्कास हे याइ । थथे याःथें सरकारय् न्ह्याबलें थ्यनीपिनिगु समुदायं बुद्धधर्मया छुं भचा ज्ञान लानाकाःसा, उमिगु आचरणय् भचा सां बौद्धिकता दुहाँ वनीगु खःसा जक थथे समारोह यानाया अर्थ दइ । मखुसा थ्व नं छगू नौटंकी बाहेक मेगु छुं जुइफइमखु । अले थज्याःगु राज्य चलेयानाच्वंपिनिगु निहित स्वार्थसिद्ध यायेत जक भीगु दबुलिइ जुइगु थज्याःगु नौटंकी नेपाःया बौद्धतय्त गज्याःगु सकारात्मक लिच्वः लाकी, अथवा नेपाःसा समग्र बौद्ध जगतया विकास यायेत गुकथं ग्वहालि याइजुइ, बिचाः यायेमालेधुंकल । (श्रोत : लहना वाःपौ)

## Remembering Elder Uncle

# DHARMA RATNA YAMI



✍ **Amrit Ratna Tuladhar**

Research Analyst

losthorizon1949@gmail. com

On recalling the name of elder uncle Dharma Ratna Yami, it virtually reminds me of the old days I spent back in Kalimpong. Perhaps as a small lad, the first time I came to know him or happened to meet him during my life period could have been in the lovely hill station of Kalimpong just below the Great Himalayan Ranges where it is neither hot nor cold. The hill station wears a moderate climate indeed. This in event happened in the year of 1959 A.D. Most of the lucrative merchants called the Lhasa-Newars got settled down by the 10th Mile. It was a relevant tradition then during those days, you see. Another uncle of mine namely Lupou Ratna Tuladhar was soccer crazy. Thus as he needed to watch the different matches played by the veterans or the professionals with big interest, he chose Motor Stand for his residential quarter overlooking the town stadium known as "Mela Ground." I bet Kalimpong is better than Darjeeling and Kurseong at soccer. The team of Kalimpong Eleven had showed up in Kathmandu as well occasionally to expose their fundamental sportsmanship with top pride.

A tall stocky figure over any average Nepalese height, elder uncle Dharma Ratna Yami possessed a big personality indeed. May he be dressed the Nepalese style or the European style, it suited him well. We are obliged to address him as one of the best orators of Nepal and was fluent at spoken Newari, Nepali, Hindi, Tibetan and simple English --- always loud and clear. He had good companions, numerous in number that I knew of very well. Some of them as far as my memory power gives in include King Tribhuvan, Ven. Dhammalok Mahasthavir, Purna Bahadur Manav, Harkha Das Tuladhar, Neel Bir Singh Kansakar, Bhuwan Lal Pradhan, Rev. Fr. Marshal Moran, S.J., etc. Besides, he had supported Ananda-Kuti High School with a full will as well which is unanimously believed to be the First Buddhist Boarding Alma Mater of Nepal established in 1952 A.D. Had also authored many books till his death did us all apart. The renowned titles thus include: अरहतनन्द, संदेया लिसः, भृकुटी, बुध्द मानिस हुन, जगत ज्योति,



*Dharma Ratna Yami with his wife*

महामनुष्य बुध्द (हिन्दी). They have been prescribed in various academic levels I.A., B.A., M.A. of Tribhuvan University. He was a big shot around Dharmodaya Vihar; a renowned Thervad monastery of Kalimpong where great monks like Pragyanand Mahasthavir, Dhammalok Mahasthavir, Mahapragya Mahasthavir, Mahanam Mahasthavir, etc. have served the Buddhist society blessed by any Shangri-La atmosphere. The former three reverend figures of the saffron robe had come down to Kalimpong from Lhasa to propagate the rich tenets of Lord Buddha in Dharmodaya Vihar. And they stood successful in committing so. Dharmodaya Vihar was also established with the financial contribution of the Lhasa-Newars --- the enterprising traders who were very progressive during those days.

Very obviously, Newa culture is the richest culture in all Nepal and one of the richest in South Asia. Hence he never hesitated in imposing a colossal support towards it. A pure Buddhist by faith, he had an excellent link with Lhasa too up north. Lhasa was the city whence he got inspired in penning REPLY FROM TIBET in his own maternal tongue after falling in deep love with a Tibetan damsel who owned a pure heart definitely. Matrimonial relations with Tibet reproducing progenies brought a stable relation between native Nepal (Kathmandu Valley) and native Tibet (Lhasa Valley) as well. Long live Tibeto-Nepalese solidarity! Today REPLY FROM TIBET bears international currency and has been put into Nepali, English, Mandarin and Hindi versions also in bringing his authentic treasure to universal limelight. His foreign travels include Sikkim, Tibet, China and India. Despite being liked and cherished by many, there were in the mean time inevitable mobs of jealous guys. The Brahmins, the Hindu fundamentalists of Nepal who also stood obnoxious by morality, possessed a big hatred towards him. Envying elder uncle Dharma Ratna Yami was constantly in their minds. They could not endure his superb endeavors at all. They permanently nursed a grudge on him for no reason. Yet he never lagged behind in struggling hard for his native language plus indigenous religion. His untiring effort is to be counted for sure ever after and must get paid too in sheer return. Do trust me, Nepal will not develop any further without the imminent evacuation of the Brahmins --- the notorious Hindu fundamentalists in the cabinet.

As a man of letters, he was a socialist reformer and always stood against any racial discrimination that incurred within the filthy environment. In other words, he totally opposed the caste system put to current practice in the contemporary society of Nepal. Democracy dawned in Nepal in 1951 A.D. after the century old Ranarchy got completely overthrown. Yet social reforms did not take place spontaneously. Too many conservative citizens were still attached to the unwanted superstitions and taboos, numerous in number. Thus elder uncle Dharma Ratna Yami boldly kept on persevering towards the correct goal. How melancholy to notice that he met an untimely demise at the age of 60. Bir Hospital, believed to be the first national hospital of Nepal historically, is where he underwent a surgical operation. Many suspect that the governmental doctors of the concerned authority have played a foul game on his invaluable life. He could have survived for many more annals ahead. Strangely the physicians set a dirty trick in a deliberate manner over a noble sociologist like elder uncle Dharma Ratna Yami under the immoral instruction of the Narayanhiti Royal Palace just to curtail his life period some way or other. The operation squad was pressurized by the Shah dynasty plus the oligarchy of the Panchayat Regime in order to shorten his life span indeed. The radical advisors to the palatial monarch were none other than the Brahmin scoundrels without any denial. This appeared as a heinous act of Bir Hospital just to spoil their reputation which would be heavily sinful on our part. They never knew how to distinguish between vice and virtue at all. Nevertheless elder uncle Dharma Ratna Yami deserves being decorated with the honorary degree of doctorate even posthumously. We also recommend the official release of a postage stamp dedicated to him which is expedited at the soonest. The new Government of Nepal is highly obliged to honor him straight without any delay or failure.



*Dharma Ratna Yami with Rahul Sankrityayana*

## भिक्षु मैत्रीलाई थाइलैण्डबाट मानार्थ विद्यावारिधि

२२ वैशाख, ललितपुर । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, आनन्दकुटी विहारका प्रमुख, आनन्दभूमिका प्रमुख



सल्लाहकार एवं अन्तर्राष्टिय बौद्ध समाज, लुम्बिनीका अध्यक्ष भिक्षु मैत्री महास्थविर थाइलैण्डको महाचुलालंकर्न राजविद्यालयले एक विशिष्ट समारोहबीच मानार्थ विद्यावारिधि उपाधि प्रदान गरिएको छ । नेपालमा बुद्धशासनिक क्षेत्र एवं सामाजिक क्षेत्रमा योगदान गरिएकाबापत सो विश्वविद्यालयकले थाइलैण्डका संघराजको समपस्थितिमा मानार्थ विद्यावारिधि प्रदान गरिएकको थियो । उहाँको साथमा आनन्दभूमिका सहसम्पादक भिक्षु अस्सजी उपस्थित हुनुभएको थियो ।



Mahachulalongkornrajavidyalaya University

With a unanimous resolution adopted by the University Council an Honorary Doctorate Degree (PhD honoris causa) in Buddhist Studies is hereby conferred on

Most Venerable Dr. Bhikkhu Maitri (Kiran Chandra Kumar Shakya)

In recognition of whose merits and excellence, the issuance of this certificate is approved and authorised.

Granted on 13th May BE 2561 (CE 2018)

President
University Council

Rector

Dean

स्मरणीय रहोस् यसभन्दा अघि सो विश्वविद्यालयले महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविर तथा अग्गमहापण्डित भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई मानार्थ विद्यावारिधि प्रदान गरिएको थियो ।

## त्रिपिटकका तीन अनुवाद ग्रन्थहरू विमोचित

२२ वैशाख, ललितपुर । बुद्धवचनहरूको सँगालो त्रिपिटकअन्तर्गत महत्वपूर्ण ग्रन्थहरू मध्ये नेपालभाषामा अनुवाद भएका तीनवटा ग्रन्थहरू एक समारोहबीच क्रमशः शताब्दी पुरूष सत्यमोहन जोशीले पालि-नेपालभाषा शब्दकोश, संघउपनायक अग्गमहापण्डित डा. ज्ञानपूर्णिक महास्थविरले विनयपिटकको महावग्ग तथा अभिधम्मपिटकको यमक ग्रन्थको विमोचन गर्नुभयो ।

विमोचक भिक्षु ज्ञानपूर्णिक महास्थविरले विनयपिटक तथा अभिधम्मको महत्व बारे बोल्नुभयो भने अर्का विमोचक शताब्दीपुरूष जोशीले नेपालमा शब्दकोश निर्माणको इतिहास बताउँदै यस्तो कोशले भविष्यमा भाषा अध्ययन गर्न तथा अनुवाद गर्नको लागि ढोका खोल्ने साँचोको काम गर्ने बताउनुभयो ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले ललितपुरमा रहेका प्राचीन बौद्ध सम्पदाको संरक्षण



गर्ने सबैको जिम्मेवारी भएको सो कार्यमा स्थानीय जनताको सकारात्मक सहयोग अपरिहार्य भएको बताउनुभयो । साथै कार्यक्रममा अनुवादकहरू मध्येबाट विमलञाणीले अनुवाद गर्दाको कठिनाइ एवं सुखानुभव बारेमा बताउनुभयो ।

प्रकाशित शब्दकोशका प्रमुख सम्पादक दुण्डबहादुर वज्राचार्य, महावग्गको अनुवाद अनागारिका उत्पलवर्णा तथा यमकको अनुवाद अनागारिका विमलञाणीले गर्नुभएको थियो ।

## शोकको घडीमा भिक्षुसंघ तानसेनमा

१८ जेठ, तानसेन । पाल्पाको रम्भादेवी गा.वि.स.४ हुमिनमा भएको अकल्पनीय बस दुर्घटनामा परी मृत्युभएका ५ महिलासहित १४ जना सहकारी अवलोकन भ्रमण यात्रीहरूका तानसेन स्थित बौद्धजनको शोकाकूल घर परिवारमा कबौद्ध भिक्षुहरू पुग्नुभई समवेदनासहित दिवंगतजनको सुगतिकामना एवं श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

उक्त दुःखद् घटनाको भोलिपल्टदेखि नै भगवतीटोलका दिवंगत उपासक कृष्णमान वज्राचार्य, सिल्खान्टोलका दाजुभाइ

विष्णुमान वज्राचार्य र दिवंगत सचिनमान वज्राचार्य, टक्सार टोलका दिवंगत क्षेत्रमान शाक्यको निवासस्थानमा पद्मचैत्य बुद्धविहार, बुटवलबाट भिक्षु कविन्दो, काठमाडौंबाट अखिल नेपाल भिक्षु महासंघका कार्यकारिणी सदस्य भिक्षु अशोक स्थविर, लुम्बिनीबाट भिक्षु सागरधम्म, रूपन्देहीबाट भिक्षु विमलधम्म र भिक्षु विशालधम्म पुग्नुभई थेरवादी बौद्ध संस्कारअनुरूप नवौं दिनसम्म बुद्धपूजा, पंचशील, परित्राण पाठ, धर्मोपदेश कार्य सम्पन्न गरी शोकाकूल परिवारजनलाई धैर्य एवं सान्त्वनासहित दिवंगत जनको नाममा पुण्यसंचय गर्नुभयो ।

दुःखद् घडीमा थेरवादी भिक्षुहरूको मैत्रीपूर्ण उपस्थिति एवं मृत्युसंस्कारअनुरूपको आध्यात्मिक विधिव्यवहारबाट शोकाकुल परिवारले वज्रपातपूर्ण दुखलाई सहन गर्ने, धैर्य गर्न सक्ने शक्ति,शान्त्वना संगै आत्मसन्तोष मिलेको बताएका छन् । त्यस्तैगरी भिक्षुगणहरू घाइतेहरूको घरघरमा पुग्नुभई स्वास्थ्य अवस्था बारे जानकारी लिनुका साथै शीघ्र स्वास्थ्यलाभको कामना गरी घाइतेजनलाई मानसिक उर्जा समेत प्रदान गर्नुभएको छ ।

तानसेन, पाल्पाका श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाबाट सहकारी अवलोकन एवं सहकारी शिक्षा तालिमका लागि पाल्पाको रामपुर नगरपालिकाको भ्रमणमा गएका २३ सदस्यीय पदाधिकारी सहकारी अभियन्ताहरू एवं कर्मचारीहरूको भ्रमण टोलीहरूमध्ये ११ जनाको घटनास्थलमै र ३ जना घाइतेहरूको उपचारको क्रममा दुःखद् निधन भएको थियो । अन्य ९ जना घाइतेहरूको स्वास्थ्योपचार भइरहेको जानकारी ज्ञानमाला संघ, आनन्द विहारका कोषाध्यक्ष सुरेशमान बुद्धाचार्यबाट जानकारी प्राप्त भएको छ ।

## लुम्बिनीमा त्रिपिटक चान्टिङ्ग हुने

२० जेठ, लुम्बिनी । बुद्ध जन्मभूमि लुम्बिनी परिसरमा पहिलोवार आगामी कार्तिक २८, २९ र ३० (नोभेम्बर १४,१५ र १६) गते ३ दिने अन्तर्राष्ट्रिय त्रिपिटक चान्टिंक (1st International Tipitaka Chanting Celebration-Lumbini : 2018) कार्यक्रम हुने भएको छ । International Tipitaka Chanting Council को अनुरोधमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री महास्थविर तथा लुम्बिनीस्थित Royal Thai Monastery का Ven. Phra. Siribodhi Videsa (Suphot) को सहअध्यक्षतामा संयुक्तरूपमा कार्यक्रम आयोजना गरिने जानकारी प्राप्त भएको छ । लुम्बिनी परिसरकै स्थानीयहरूको सहभागितामा वृहत कार्यक्रम व्यवस्थापन समितिको गठन गरी सो त्रिपिटक पाठको आयोजना गरिने भएको छ ।

## धर्मपरिवर्तन गराउने संस्था खारेज हुने

२८ जेठ, काठमाडौं । सरकारले राष्ट्रिय सदाचार नीतिको मस्यौदा अन्तिम चरणमा पुगेको जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सदाचार नीतिको मस्यौदा तयारी गरेको हो । उक्त मस्यौदा चाँडै नै मन्त्रिपरिषद्मा लगेर पास गर्ने तयारी भइरहेको प्रधानमन्त्री कार्यालय स्रोतले बताएको छ ।

राष्ट्रिय सदाचार नीतिले विदेशी दाताहरूको सहयोग र आन्तरिक स्रोत परिचालन, राजनीतिक दल, विधायक, संवैधानिक निकाय, कूटनीतिक क्षेत्रका अधिकारीहरूको आचरण पालनालाई तथा व्यवहारलाई व्यवस्थित र निर्देशित गर्नेछ ।

यसका साथै गैरसरकारी संस्था, शिक्षक, विभिन्न पदमा रहेका सामाजिक तथा निजी क्षेत्रका कर्मचारीलाईसमेत यस नीतिले आफ्नो जिम्मेवारीप्रति कटिवद्ध र उत्तरदायी बनाउने सरकारको दाबी छ ।

विभिन्न नामका तालिम, प्रशिक्षणका नाममा स्थानीय तहका कर्मचारीलाई प्रभावमा पार्ने विभिन्न अन्तर्राष्ट्रिय निकाय र गैरसरकारी संस्थालाई पनि यो नीतिले निर्देशित गर्नेछ, मस्यौदा तयारीमा संलग्न कार्यालयका एक अधिकृतले भने, । हाल अन्तिम चरणमा रहेको यो नीति सरकारले चाँडै नै कार्यान्वयनमा ल्याउने प्रधानमन्त्रीका सल्लाहकार विष्णु रिमालले जानकारी दिए ।

उक्त सदाचार नीति तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले गत वर्ष नै पारित गरे पनि वर्तमान ओली सरकारले 'अपूर्ण' भएको बताउँदै यसलाई पूर्ण र प्रभावकारी बनाउन मस्यौदामा आवश्यक क्षेत्राधिकार थप गरेको हो ।

आवश्यक सम्पूर्ण पक्षका विज्ञहरू सहभागी भई तयार पारिएको यस नीतिले केन्द्र, प्रदेश र स्थानीय तीनै तहका सम्पूर्ण पक्षलाई समेट्ने कार्यालय स्रोतको दाबी छ ।

सदाचार नीतिको मस्यौदामा वैदेशिक सहायतालाई नेपाल सरकारका विभिन्न मन्त्रालयबाट कार्यक्रममा ल्याउने विषय पनि सो नीतिमा समेटिएको कार्यालय स्रोतले बताएको छ । कार्यालय स्रोतका अनुसार मस्यौदाप्रति विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट आएका गुनासा तथा असन्तुष्टिलाई आवश्यकताअनुसार सम्बोधन गरी अन्तिम रूप दिइने छ ।

राष्ट्रिय एकतामा आँच आउने, भाइचारा खल्बल्याउने र धर्मपरिवर्तनलाई अघि सार्ने र परामर्श दिँदै हिँड्ने संस्थाहरू खारेज गरिनेसम्मको अधिकार मस्यौदामा समेटिएको छ । सदाचार नीति सरकारी कर्मचारी, प्राध्यापक शिक्षक सबैमा लागु हुने र शिक्षण पेसामा रहेकाहरू कुनै पनि राजनीतिक

पार्टीमा आवद्ध हुन नपाउने, राजनीतिक कार्यक्रममा संलग्न हुन नपाउनेजस्ता नियम पनि यस नीतिमा रहने जनाइएको छ । (सुरञ्जन घिमिरे, बाह्रखरी डटकम)

## देवदहका स्कुलमा बुद्धशिक्षा अनिवार्य विषय

३० जेठ, बुटवल । गौतमबुद्धको मावली देवदहमा नगरपालिकाले विद्यालयतहको पाठ्यक्रममा बुद्धशिक्षालाई समावेश गरेको छ ।

देवदह नगरपालिकाले कक्षा ६ र ७ को पाठ्यक्रममा 'बौद्ध शिक्षा र देवदह परिचय' नामक ६० अंकको पाठ्यभार र ४० पूर्णांकको बौद्ध शिक्षा समावेश गरेको हो ।




नेपाली र अंग्रेजी दुवै माध्यममा तयार पारिएको पाठ्यपुस्तक प्रदेश सरकारका सामाजिक विकास मन्त्री सुदर्शन बरालले विमोचन गरे । यी पाठ्यक्रम अब देवदह नगरपालिकाका सामुदायिक र संस्थागत सबै विद्यालयमा अनिवार्य रूपमा लागू हुनेछ ।

पुस्तक विमोचन गर्दै मन्त्री बरालले स्थानीय पाठ्यक्रम बन्नु र पढाइ हुनुले संघीयता कार्यान्वयनलाई सहज हुने बताए । उनले बुद्धको मावलीबाट शुरू भएको यो अभियान अब प्रदेश र देशभरीका स्थानीय तहले प्रेरणा लिन सक्ने बताए ।

स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिएको संभवतः देवदह पहिलो भएको देवदह नगरपालिकाका प्रमुख हिराबहादुर खत्रीले बताए ।

पाठ्यक्रम निर्माण समितिका संयोजक सिद्धिचरण भटराईले देवदह नगरपालिका बनेसंगै स्थानीय पाठ्यपुस्तक र पाठ्यक्रमको अवधारणा नगर परिषद्ले पारित गरेर अगाडि बढेको स्मरण गर्दै २०७६ सालसम्म यो पाठ्यक्रम परीक्षणको रूपमा लागू हुने बताए ।

त्यसपछि परिमार्जन गरी पूर्णरूपमा लागू गरिनेछ । पुस्तक विमोचन कार्यक्रममा सामुदायिक विद्यालय सञ्जालका संयोजक दुर्गा आचार्य, संस्थागत विद्यालयका तर्फबाट कृष्ण पौडेललगायतले स्थानीय पाठ्यक्रमले देवदहको परिचय र बुद्धशिक्षामार्फत् चरित्रवान नागरिक उत्पादन हुने विश्वास व्यक्त गरे । (श्रोत : https://www.onlinekhabar.com/2018/06/685793)

## शतवार्षिक समारोह सम्पन्न

७ आषाढ, काठमाडौं । प्रसिद्ध बौद्ध विद्वान पं. दिव्यवज्र वज्राचार्य (धर्मोदय सभाका पूर्व अध्यक्ष : वि.सं. ०४७-०५०) को शतवार्षिक समारोह लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. नरेशमान वज्राचार्यको सभापतित्वमा सम्पन्न भएको छ ।



बौद्ध विद्वान्हरूमा डा. प्रा. वज्रराज शाक्य (पूर्व अध्यक्ष लोटस रिसर्च सेन्टर), लेखक लोकबहादुर शाक्य, नेपालभाषाका कहानीकार राजा शाक्य एवं संगीतज्ञ विष्णुरत्न शाक्यले पं. दिव्यवज्र वज्राचार्यको व्यक्तित्व र कृतित्वबारे प्रकाश पार्नुभयो ।

कार्यक्रमका सभापति एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. नरेशमान वज्राचार्य (पं. गुरू वज्राचार्यका शिष्य पनि हुनुहुन्थ्यो) ले पं. गुरूप्रति आफूले जानेका, भोगेका अनुभव गरेका धेरै कुराहरू मिठासपूर्वक उपस्थित श्रोता समक्ष प्रस्तुत गर्दै सभा विसर्जन गर्नुभयो ।

पियुषवर्षी परिवार, मासंगल्लीबाट आयोजित सो कार्यक्रममा डा. स्वस्तिवज्र वज्राचार्यबाट स्वागत मन्तव्य, पियुषवज्र वज्राचार्यबाट धन्यवाद ज्ञापन गरिएको सो कार्यक्रम अष्टमुनि गुभाजुले संचालन गर्नुभएको थियो ।

पं. वज्राचार्यका शिष्य सुक्ष्मरत्न शाक्यबाट कालचक्रको दुईवटा पौभाः चित्र सुमति वज्राचार्यलाई हस्तान्तरण गरिएलगत्तै बौद्ध विषयमा एम.ए. उत्तीर्ण गरेका १० जना विद्यार्थीहरूलाई सम्मान गर्दै पं. वज्राचार्यबाट अनुदित प्रज्ञापारमिता पिण्डार्थ संग्रहको मूल श्लोकहरू पाठ गराई पियुषवर्षी परिवारबाट दानप्रदान समेत गरिएको जानकारी प्राप्त भएको छ ।

**प्रिय ग्रहक वन्धुहरु, आनन्द भूमिको ग्राहक नविकरण समयमै गर्न गराउन हुन हार्दिक अनुरोध गर्दछौं ।**

**आनन्दभूमि परिवार**

**आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं, फोन - ४२७१४२०**

# जन्मदिनमा भिक्षु अश्वघोषलाई पृथक उपहार

✍ **सुनील महर्जन**

आफूलाई मनपर्ने व्यक्ति, साथी र भाइको जन्मदिनमा विभिन्न किसिमका उपहार दिने चलन नै बनेको छ । उपहार दिनेले लिनेको मन जित्न विभिन्न किसिमको उपहार दिने गरिन्छ । तर २०७५ अरार १२ गते मंगलबार बनेपाको ध्यानकुटी विहारमा दिइएको उपहारको दृश्य भने फरक देखियो ।

नेपालका संघनायक (जेष्ठ) भिक्षु अश्वघोष महास्थविरको ९२ औं जन्मदिनमा विभिन्न महानुभावहरूले आ-आफ्नो रोजाई अनुसार उपहार प्रदान गरे । त्यस क्रममा शिष्य भिक्षु कोण्डन्यले आफ्ना गुरू भिक्षु अश्वघोषका लेखहरू संग्रहित पुस्तक '**भिक्षु अश्वघोषका छानिएका रचनाहरु**' उपहार दिए । जुन उपहार अरूभन्दा निकै फरक प्रकृतिको थियो ।








भिक्षु अश्वघोषको करिब डेढ सयभन्दा बढी पुस्तकमा छरिएका लेखहरू भिक्षु कोण्डन्य स्वंयले सम्पादन गरी बुद्धविहारबाट प्रकाशन गरेका थिए । आफूले सात दशकयता लेखेका महत्वपूर्ण र विचारोत्तजेक लेखहरू संग्रह गरी जन्मदिनमा यसरी पुस्तक उपहार देला भनेर भिक्षु अश्वघोषले कल्पना समेत गरेको थिएन ।

'यो विषयमा गुरू भिक्षुलाई जानकारी छैन । 'सरप्राईज' दिने हिसाबले रातारात पुस्तकको रूप दिएर उपहार दिएको हु । संघउपनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरले लोर्कापण गरी पुस्तक उपहार प्रदान गरिएको थियो ।

'यसले भिक्षु अश्वघोष बुद्धधर्मप्रति कस्तो र कुन खालको दृष्टिकोण राख्नुहुन्छ भन्ने स्पष्ट बुझ्ने छ । समग्र पुस्तक भिक्षु अश्वघोषका बुद्धधर्मप्रति बुझाइको सार हुन् ।' भिक्षु कोण्डन्यले भन्नुभयो । पुस्तकमा बुद्धधर्मका विविध पक्षलाई विश्लेषण र आलोचनात्मक तवरले लेखिएका लेख, बुद्धका महत्वपूर्ण र आधारभूत विचारधाराका ४१ वटा लेखहरू रहेका छन् ।

उपचारको क्रममा दुई वर्ष चीनमै बस्नुहुँदादेखि चिनिया कम्युनिष्ट नेता माओत्सेतुङसंगको भेटघाटबाट निकै प्रभावित भएका भिक्षु २०४७ सालदेखि २०४९ सालसम्म तत्कालीन नेकपा (एमाले) पार्टीबाट बाट राष्ट्रिय सभाका सदस्य पनि बन्नुभयो । त्यसैगरी



मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा उहाँलाई लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्ति गरिएको थियो । 'प्रगतिशील र क्रान्तिकारी भिक्षुका रूपमा चिनिने भिक्षुको छवि पुस्तकमा प्रतिविम्बित भएको छ' जन्मदिनको अवसरमा आयोजित समारोहमा भिक्षु कोण्डन्यले भन्नुभयो ।

पुस्तकमा बुद्ध र समाजवादी भिक्षुसंघ, सम्पति सम्बन्धी समाजवादी व्यवस्था, गौतम बुद्ध र प्रजातन्त्र,बुद्धको भिक्षु संघ र प्रजातन्त्र, समतामूलक समाज निर्माणमा बुद्धको शिक्षा, आर्य संस्कृति, बुद्ध र व्यावहारिक धर्म, बुद्ध : व्यवहारको पक्षपातीजस्ता लेखहरू रहेको छ ।

यसमा भारतीय साहित्य र दर्शनका ज्ञाता राहुल सांकृत्यायन, भारतका चर्चित लेखक राहुल साकृत्यायन, बाबासाहेब भिमराव अम्बडेकर, मार्क्सवादको ठाउँठाउँमा प्रतिविम्बत भएको पाउँछौं ।' भिक्षु अश्वघोषको व्यक्तित्व र विचारलाई यही सेरोफेरोमा बुझ्नुपर्ने हुन्छ । यस्तै विचार व्यक्तित्वले भिक्षु अश्वघोषलाई अरू भन्दा अलग्ग रूपमा चिनाउँछ ।' भिक्षु कोण्डन्यले भन्नुभयो ।

खुट्टाको सामान्य दुखाई र कानमा अलि समस्या भएपनि उहाँको पुस्तक लेखन कार्यले अझै निरन्तरता पाइरहेको छ । (श्रोत : नेपाल समाचारपत्र)

## 'अझै बाँच्ने जाँगर चलेको छ'

**– भिक्षु अश्वघोष**

'जन्मदिनको अवसरमा विभिन्न महानुभावहरूले भिक्षु अश्वघोषलाई उपहार प्रदान गरे । यस किसिमको सद्भाव, मैत्री र पुरकाना मित्रहरूको भेटघाट गर्न पाउँदा निकै आनन्दको अनुभूत भएको छु । मनोबल पनि निकै बढेको छ । त्यसकारण म अझै धेरै बाँच्दछु भन्ने विश्वास बढेको छ ।' भिक्षु अश्वघोषले भन्नुभयो ।

'हुनत ९२ वर्षसम्म बाँच्लान् जस्तो पहिला लागेको थिएन । तैपनि बाँचे । अहिले हितैषी मित्रहरूको साथ, सहयोग र भेटघाटले नै मलाई अझ बाँच्न हौसला प्रदान गरेको छ' उहाँले भन्नुभयो ।


**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।**

**सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।**

CANON 2066 Saving & Credit Co-operative Limited

**क्यानन् बचत तथा ऋण सहकारी संस्था लि.**

**स्वयम्भू-१५, सानो भऱ्याङ, काठमाडौं, फोन : ४२८८८६८**